
# शिक्षा क्षेत्रको योजना, २०८१–२०९०

# Education Sector Plan, 2024-2033




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

# स्थानीय सरकार
# बलरा नगरपालिका
# सर्लाही, २०२४

**बालरा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सर्लाही**

**प्रमुख संरक्षक :**
**नगर प्रमुख : श्री रामशंकर प्रशाद कुशवाहा**
**सरक्षक :**
**नगर उपप्रमुख :कोशीला देवी**

# बलरा नगरपालिकाको १० बर्षे नगर शिक्षा योजना निर्माण कार्यदल

श्री धरीछन प्रसाद कुशवाहा
श्री पुष्प राज यादव
श्री अरबिन्द कुमार महतो
श्री शैलेन्द्र यादव


प्रकाशकः

बलरा नगरपालिका , सर्लाही

प्रकाशन प्रति :१०००



सर्वाधिकार : प्रकाशकमा



प्रमाणित मिति : २०८१ चैत्र ७

प्रकाशन मिति : २०८१

अध्यावधिक : २०८३-०१-२४

**प्राबिधिक सहयोग :**

**UNICEF Nepal /पिपल प्रोमोट सेन्टर जनकपुरधाम**

बलरा नगरपालिका अन्तर्गत २०८१ चैत्र ७ गते नगर कार्यपालिकाबाट सर्वसम्मत रूपमा स्वीकृत "नगर शिक्षा योजना" को ऐतिहासिक उपलब्धिमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

शिक्षा हरेक नागरिकको जीवनमा उज्यालो भविष्य निर्माण गर्ने आधार हो। नगर शिक्षा योजनाको स्वीकृति सँगै बलरा नगरपालिकाले गुणस्तरीय, समावेशी र उत्तरदायी शिक्षा प्रणालीको दिशामा महत्वपूर्ण पाइला चालेको छ। यो योजना बालबालिका, शिक्षक, अभिभावक र सम्पूर्ण समुदायका लागि आशाको किरण हो।

यस योजनाको निर्माण, परिमार्जन र स्वीकृतिमा प्राविधिक सहयोग प्रदान गर्ने संस्था पिपुल प्रोमोट सेन्टरप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु। साथै, सम्पूर्ण योजना प्रक्रियामा सक्रिय सहभागिता जनाउने सबै सरोकारवालाहरू–नगर कार्यपालिका सदस्यहरू, विद्यालय प्रतिनिधिहरू, शिक्षक, शिक्षा शाखा र स्थानीय नागरिक–प्रति पनि आभार प्रकट गर्दछु।

हामी सबै मिलेर नगर शिक्षा योजनालाई सफल कार्यान्वयन गर्दै बलरा नगरपालिकालाई शिक्षाको क्षेत्रमा एक नमुना नगर बनाउने विश्वास लिएको छु।

शुभकामनासहित,

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख
बलरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

बलरा नगरपालिका अन्तर्गत शिक्षाको दिगो सुधार, गुणस्तरीय शिक्षाको प्रवर्द्धन र सबै बालबालिकालाई समान, समावेशी र पहुँचयुक्त शिक्षाको सुनिश्चितताका लागि नगरपालिका कार्यपालिकाबाट २०७८ चैत्र ७ गते स्वीकृत नगर शिक्षा योजना अत्यन्तै सराहनीय र ऐतिहासिक कार्य हो। यस योजनाले स्थानीय स्तरमा शिक्षाको नीति, रणनीति र कार्ययोजनालाई स्पष्ट गर्दै समृद्ध बलरा निर्माणमा ठोस योगदान पुऱ्याउने छ।

नगर शिक्षा योजना स्थानीय जनताको आवश्यकता र बालबालिकाको अधिकारलाई केन्द्रमा राखेर तयार गरिएको छ। यसले विशेष गरी शिक्षामा समावेशिता, गुणस्तर, उत्तरदायित्व र सहभागितालाई जोड दिएको छ। नगरभित्र रहेका सबै विद्यालयहरूको अवस्थाको विस्तृत विश्लेषणका आधारमा तयार गरिएको यस योजनाले विद्यालय सुधार योजना, शिक्षक व्यवस्थापन, पूर्वाधार विकास, सिकाइको परिणाम सुधार, अपाङ्गता र विपन्न वर्गका बालबालिकालाई शिक्षामा समावेश गर्ने कार्यक्रमहरू समावेश गरेको छ।

शिक्षा हरेक बालबालिकाको आधारभूत अधिकार हो। यस नगर शिक्षा योजनाको कार्यान्वियनले नगरपालिका भित्र कुनै पनि बालबालिका विद्यालय बाहिर रहनुपर्ने अवस्था हटाउने विश्वास लिएको छ। साथै, यसले शिक्षामा लैङ्गिक समानता, अपाङ्गता मैत्री वातावरण, सिकाइको नवप्रवर्तन र डिजिटल प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको छ, जुन समसामयिक आवश्यकतासँग मेल खान्छ।

यस अवसरमा, नगर प्रमुख, उपप्रमुख, सबै वडाध्यक्षहरू, जनप्रतिनिधिहरू, शिक्षक, विद्यालय व्यवस्थापन समिति, बाल क्लब, अभिभावक र शिक्षा क्षेत्रमा सक्रिय सबै सरोकारवालाहरूलाई हार्दिक धन्यवाद र बधाई दिन चाहन्छु, जसको सक्रिय सहभागिता र प्रतिबद्धताले यो योजना सफलतापूर्वक निर्माण भएको हो।

अन्त्यमा, नगर शिक्षा योजनाको सफल कार्यान्वयनका लागि सबै पक्षको निरन्तर सहकार्य, अनुगमन र प्रतिबद्धता अपरिहार्य रहनेछ। बलरा नगरपालिकाको शिक्षालाई समावेशी, गुणस्तरीय र दिगो बनाउने हाम्रो साझा प्रयासले सबै बालबालिकाको उज्वल भविष्य निर्माणमा मार्गप्रशस्त गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

सुशिल कुमार साह

प्रमुख प्रशासकिय अधिकृत

बलरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलरा, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

बलरा नगरपालिकाको दीर्घकालीन शिक्षा समृद्धिका लागि जारी स्वच्छ नगर शिक्षा योजना कार्यान्वयनमा सफलताको शुभकामना व्यक्त गर्न पाउँदा म अत्यन्तै हर्षित छु। शिक्षा नै कुनै पनि समाज र राष्ट्रको आधारशिला हो भन्ने हाम्रो विश्वास हो। यस योजना मार्फत बलरा नगरपालिकाले आफ्ना बालबालिका तथा विद्यार्थीहरूका गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउन, शिक्षामा समावेशिता सुनिश्चित गर्न र वातावरणीय अनुकूल शिक्षण वातावरण तयार गर्न सफल हुनेछ भन्ने पूर्ण आशा गर्दछु।

विद्यालयहरूमा विद्यार्थीहरूको हितमा समर्पित शिक्षक र कर्मचारीको भूमिका अनिवार्य छ। यस योजनाले विद्यालय व्यवस्थापन, शिक्षक प्रशिक्षण र शैक्षिक स्रोतहरूको अभिवृद्धि गरी शैक्षिक गुणस्तर उन्नत पार्न योगदान पुऱ्याउनेछ। साथै, अभिभावक, स्थानीय समुदाय र शिक्षा सम्बन्धित सरोकारवालाहरूलाई पनि सक्रिय सहभागितामा ल्याउन यसले मद्दत गर्नेछ।

यस कार्यमा प्राविधिक सहयोग प्रदान गरिरहेको पिपुल प्रोमोट सेन्टर, धनुषा लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। उनीहरूको अनुभव र समर्पणले यो योजना प्रभावकारी रूपमा सञ्चालन हुन सहयोग पुऱ्याएको छ। स्थानीय तहको विकास र शिक्षाको स्तरोन्नतिमा उनीहरूको योगदान सराहनीय छ।

अन्त्यमा, बलरा नगरपालिकाका सम्पूर्ण शिक्षक, कर्मचारी र विद्यार्थीहरूमा मेरो शुभकामना छ कि यस योजनाले शिक्षा क्षेत्रमा नयाँ प्रेरणा र उन्नति ल्याओस्। हामी सबै मिलेर बलरा नगरपालिकालाई शिक्षा क्षेत्रको नमूना स्थान बनाउने प्रतिबद्धता जनाउन आवश्यक छ।

धन्यवाद।

धरिछन प्रसाद कुशवाहा

शिक्षा प्रमुख

बलरा नगरपालिका

DHARICHHAN PRASAD KUSHAWAHA

(CHIEF OF EDUCATION SECTION)

Scanned with CamScanner

# विषयसूची


परिच्छेद १ : परिचय .......... ८

१.१ पृष्ठभूमि .......... ८

१३ भौगोलिक.२. तथा जनसाङ्ख्किक स्वरूप (Geographical Background and Demographic Characteristics/Structure) .......... 17

Organogram.... Educational Structure in Nepal .......... ३४

परिच्छेद दुई : दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य .......... ४५

२.१ परिचय .......... ४५

२.२ दीर्घकालीन सोच (Vision) .......... ४५

२ ३ ध्येय.(Mission) .......... 45

राष्ट्रिय .......... ४७

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू .......... ५२

३.१ प्रारम्भिक बालविकास र शिक्षा .......... ५२

३.२ आधारभूत शिक्षा .......... ५७

३.३ माध्यमिक शिक्षा .......... ६३

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ .......... ७०

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू .......... ७४

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन .......... ७४

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनको प्रमुख कार्यक्रम संचालन गर्न अनुमानित बजेट (हजारमा.रु) .......... ७८

४.२ शिक्षक व्यवस्थापन र विकास .......... ७९

४.३ शैक्षिक समता र समावेशीकरण .......... ८२

४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम .......... ८७

४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा .......... ९०

४.६ विद्यालय भौतिक पूर्वाधार विकास .......... ९३

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि .......... ९६

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन .......... १००

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध........................................................ १०२

**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ...................................................................... १०५**

**परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन............................................................................. १११**

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोहौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८०/८१ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२२/२३–२०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार बलरा नगरपालिकाले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्न आफ्नो पालिकातहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान. विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप, महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ पालिकाको समग्र सन्दर्भ

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहित कार्यरत रहेका छन् । यस अवधिमा नेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ ।सन् २०१९ को आँकडाअनुसार (UNDP, 2020) मानव विकास सूचकाङ्क (०.६०२) का दृष्टिले नेपाल कुल १८९ मध्ये १४२ औं स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी, प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो । विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२३ भाषा/भाषिका पहिचान गरिएको छ । यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव गर्ने गर्दछन् । अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन् । खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् । यस्ता विभेदहरू हटाउन तत् सम्बन्धी विभिन्न कानुनहरू बनाइएका र लक्षित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षणा तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन् । यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको

वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यन दिनु जरुरी छ ।यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ ।

## १.२.२ आर्थिक सामाजिक सन्दर्भ

**आर्थिक गतिविधिहरुः**

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भुकम्पका कारण सन् २०१५/१६ (०.८ प्रतिशत) र बिगतको कोभिड–१९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून(२.३ प्रतिशत) रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । भुकम्प पछिको वर्ष २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही तुलनात्मक रूपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको छ ।

नेपालको सन् २०१९ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १०८० अमेरिकी डलरका आधारमा विश्व बैकको वर्गीकरणअनुसार न्यून आय भएको मुलुकबाट न्यून–मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पुरा भएको छ । सन् २०१९ को राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) सन् २००९/१० को भन्दा करिब तीन गुणाले वृद्धि भई रु.३७६७ अरब रहेको छ भने यसअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु.१.२६ लाख हुन आउँदछ ।

सङ्घीय स्तरमा मध्यकालिन खर्च संरचना (MTEF) मा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

**तालिका १.१: मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३)**

| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थ उत्पादन (हालको मूल्य रु. अरबमा) | 2,253.2 | 2,674.5 | 3,044.9 | 3,458.8 | 3,767.0 | 4,312.9 | 5,024.3 | 5,837.0 |
| % आर्थिक वृद्धि | 0.6 | 8.2 | 6.7 | 7.0 | 2.3 | 7.0 | 9.9 | 9.6 |
| % मूल्य वृद्धि | 5.2 | 9.7 | 6.7 | 6.2 | 6.5 | 7.0 | 6.0 | 6.0 |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | 79,500 | 93,100 | 104,600 | 117,300 | 126,000 | 142,000 | 163,400 | 187,600 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -0.8 | 6.8 | 5.3 | 5.6 | 0.9 | 5.3 | 8.6 | 8.3 |

*स्रोत: NPC, 2020a.*

यो प्रक्षेपण कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दा यसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड–१९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने नेपालमा पनि विभिन्न पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नभएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ (NPC, 2020a)।

उल्लिखित समग्र आर्थिक परिसूचकको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ । उदाहरणका लागि वागमती प्रदेशमा जनसङ्ख्या (२०.९%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै उच्च छ (३५.८%) भने मधेश प्रदेशमा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्यून छ (१३.८%) । अरु पाँचओटै प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहे पनि मधेश प्रदेशको तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र कोशी प्रदेशमा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिब बिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो १०% सँग ४० % को हाराहारीमा र न्यून आय हुने तल्लो ५०% सँग करिब २०% मात्र आम्दानी रहेको पुष्टि गर्दछ (https://wid.world/country/nepal/ ।

## क) कृषि योग्य भुमि र उत्पादन

### कृषि

तालिका सिंचाई सुबिधा

| उपलब्ध सुबिधा | हेक्टर |
|---|---|
| कल खेतीयोग्य जमिन | ४६६५.२ |
| सतह सिंचाई | २३०० |
| भूमिगत सिंचाई | १५०० |
| कुल सिँचाइ क्षेत्र | ४२३०.१ |
| सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हने क्षेत्र | ४३५ |

स्रोतः नगरपालिका प्रोफाईल

तालिका : सिंचाईका प्रमुख स्रोत तथा योजनाहरु

| प्रमुख स्रोत/योजना | स्थान | सिंचित क्षेत्र (हेक्टरमा) |
|---|---|---|
| स्यलो टिव्ल | सम्पूण वाडा | १५०० |
| बोडिग्ङ | सम्पूण वाडा | २५०० |
| नाहर | सुदामा, नहरगन्ज, छैतना | ९०० |

## ख) प्रमुख खेती र उपयोग

कृषि यस नगरपालिकाको मुख्य अग्रिणी क्षेत्र हो र नगरपालिकाको कुल गाहर्थ उत्पादनको ८०% भन्दा बढी क्षेत्र पनि यसैले ओगटेको छ । यस गुरुयोजनाको स्थलगत सर्भेक्षण र भू-उपयोग नक्शाङकनको विश्लेषण अनुसार नगरपालिकाको ८१.४९% भू-भाग (४२३१.८७ हेक्टर) कृषि क्षेत्र रहेको छ । उष्ण हावापानी, प्रशस्त मनसुनी बर्षा र उर्वर भूमि भएकोले बलरा कृषि उत्पादनको लागि निक्कै उपयुक्त नगरपालिका हो । मधेश प्रदेशको पार्श्वचित्र २०७७ का अनुसार बलरा नगरपालिकामा खाद्यान्न बाली अन्तर्गत धान, मकै, गहुँ, कोदो, जौ आदि उत्पादन हुने गरेको छ । त्यसैगरी नगदे वाली अन्तर्गत आलु, उखु, जुट र दलहन बाली अन्तर्गत मसुरो, चना, रहर, मास, खेसरी गहत, भटमास आदी उत्पादन हुने गरेको छ । नगरपालिकामा गोलभेडा, फर्सी, घिरौला, लौका, सिमी, बोडी, भान्टा, भिंडी, करेला, मुला, रायो, चम्सुर जस्ता तरकारीहरु समेत प्रशस्त मात्रामा फल्ने गरेको छ भने आँप, केरा, अम्बा, मेवा, कटहर, भुइकटहर, लिची जस्ता फलफुलहरु समेत उत्पादन हुने गरेको छ।

कृषि वालीहरुको वर्गीकरण

| क्र.स. | वालीको प्रकार | वालीहरु |
|---|---|---|
| १ | खाद्यन्न बाली | धान, गहुँ, मकै, कोदो, जौ |
| २ | प्रमुख नगदे बाली | तेलबाली, आलु, उखु, जुट |
| ३ | दलहन | मसुरो, चना, रहर, मास, खेसरी, गहत र भटमास आदी |
| | तेलहन | तोरी, सरसिउ, रायो, सूर्यमुखी, तील, बदाम, आलस, झुसेतील |
| ४ | तरकारी | गोलभेडा, फर्सी, घिरौला, लौका, सिमी, बोडी, भान्टा, भिंडी, करेला, मुला, रायो, चम्सुर, |

| | | |
|---|---|---|
| ५ | फलफुल | आँप, केरा, अम्बा, मेवा, कटहर, भुईकटहर, लिची |
| | मसला बाली | अदुवा, लसुन, वेसार, खुर्सानी |

*स्रोतः स्थलगत अध्ययन, २०८१ र प्रदेश २ पार्श्वचित्र , २०७७*

बलरा नगरपालिका उखु र तोरी खेतिको लागि निक्कै प्रख्यात रहेको छ । कुल खेतीयोग्य जमीन मध्ये झण्डै ५०% भूमिमा उखु खेती गर्ने गरिएको छ भने १५% जति भूमिमा तोरी खेती गर्ने गरिएको छ । नगरपालिकाको वडा नं ५ को अर्नाहा, वडा नं १० को सुदामा, वडा नं १ को हथिऔल र वडा नं ३ को बलरा गरी ३ वटा कृषि पकेट क्षेत्रहरु छन् । पछी गडहिया र डुमरियालाई पनि कृषि पकेट क्षेत्रको रुपमा पहिचान गरिएको छ । नेपाल सरकारको कृषि आधुनिकरण परियोजनाले स्थानीय वाली/वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि नगरपालिकाका ४ वटा वडाहरुलाई (वडा नं १, ३, ५ र १०) कृषि सुपर जोनको रुपमा घोषणा गरेको छ ।

**ग) पशुपालन**

बलरा नगरपालिकामा कृषिपरक जीवनशैलीको महत्वपूर्ण हिस्सा पशुपालन हो। ग्रामीण अर्थतन्त्रमा पशुपालनले धेरै आय, रोजगार, र पोषण सम्बन्धी फाइदा पुर्याउँछ। यहाँ पशुपालनका विभिन्न पक्षहरू यसप्रकार छन्:

**१. पशुपालनको महत्व**

- आर्थिक योगदान: पशुपालनले घरेलु आयको स्रोतको रूपमा काम गर्छ, जसबाट ग्रामीण परिवारहरूको जीविकोपार्जनमा सहयोग पुग्छ।
- दुग्ध तथा मांस उत्पादन: गाई, भैंसी, तथा अन्य पशुहरूद्वारा दुध, मांस, र अन्य उत्पादनहरू उपलब्ध गराइन्छ, जसले पोषण र बजार आपूर्तिमा मद्दत पुर्याउँछ।
- रोजगार सृजना: पशुपालनले घरेलु स्तरदेखि लिएर स्थानीय उद्योगसम्म रोजगारीका अवसरहरू सिर्जना गर्दछ।

**२. पशुपालनका प्रमुख प्रकारहरू**

- **दुध दिने पशु:** गाई, भैंसी जसबाट दुग्ध उत्पादन गरिन्छ।
- **मांस उत्पादनका पशु:** भेडा, बाख्रा, तथा अन्य मांस उत्पादनमा संलग्न पशुहरू।
- **कुखुरा पालन:** अण्डा र मांस उत्पादनका लागि कुखुरा पालन गरिन्छ।
- **अन्य पशुपालन:** साना पशु तथा स्थानीय परम्परागत पशुपालन विधिहरू, जस्तै, बगुला पालन, आदि।

**३. स्थानीय अवस्था र पहलहरू**

- पारम्परिक अभ्यास: बलरा नगरपालिकामा परम्परागत रूपमा पशुपालन गरिन्छ र यसले ग्रामीण अर्थतन्त्रमा स्थायीत्व ल्याएको छ।

- सरकारी तथा सहकारी पहल: स्थानीय सरकार र सहकारी संस्थाहरू पशुपालनको प्रवर्द्धन, पशु चिकित्सा सेवा, र तालिम कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। यसले आधुनिक प्रविधिको प्रयोग र उत्पादन वृद्धिमा मद्दत पुर्याउँछ।
- बजार पहुँच र मूल्य स्थिरता: उत्पादनलाई सन्तुलित र बजारसम्म पुर्याउने व्यवस्थापनलाई सुदृढ पार्न विभिन्न पहलहरू अवलम्बन गरिएको छ।

४. चुनौतिहरू

- पशु रोग तथा महामारी: पशुपालनमा रोग व्यवस्थापन र महामारी नियन्त्रणका लागि प्रभावकारी उपायहरूको आवश्यकता पर्छ।
- प्रविधि तथा तालिमको कमी: आधुनिक प्रविधिको पहुँच र नियमित तालिमको अभावले उत्पादनमा असर पुर्याउन सक्छ।
- बजार पहुँच: उत्पादनलाई उचित मूल्यमा बजारसम्म पुर्याउने चुनौतीहरू समाधान गर्न सहकारी तथा सरकारी योजनाहरू प्रभावकारी बनाउन आवश्यक छ।

घ) उधोगहरू

बलरा ग्रामिण परिवेश भएको तराईको नगरपालिका भएतापनि भारतीय सिमासंग जोडिएको र हुलाकी सडकले पूर्व पश्चिम राजमार्गका साथै सर्लाही जिल्लाको सदरमुकाम मलंगवासँग समेत सहज पहुँच भएकोले नगरपालिकामा विस्तारै व्यापारिक र आर्थिक गतिविधिहरु बढदै गैरहेको छ । नगरपालिका भित्र बलरा, हथिऔल, सुदामा, गडहिया, मिर्जापुर, अचलगढ, डुमरिया, छतौना जस्ता स्थानीय स्तरका बजार केन्द्रहरु छन् । नगरपालिकाका यीनै मुख्य बजार क्षेत्रहरुमा बढदै गएको बजारीकरण र सडक संजालको विस्तारसंगै बलरा नगरपालिकामा स-साना उद्योग र व्यवसायहरुको संख्या बढदै गएको देखिन्छ ।

स्थानीय स्तरका लघु तथा घरेलु उद्योग, डेरी उद्योग, काठ मिल, सखखर मिल, कुटानी पिसानी मिलहरु नै यस नगरपालिकामा रहेका उद्योगहरु हुन । केन्द्रिय तथ्याङ्क विभागको आर्थिक सर्वेक्षण २०१८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा बलरा नगरपालिकामा ६२१ वटा विभिन्न प्रकारका आर्थिक प्रतिष्ठानहरु संचालनमा रहेको देखिन्छ । यस्ता उद्योग कलकारखानामा कुल १२९१ मानिसहरुले रोजगारी प्राप्त गरेका छन जसमा पुरुषको संख्या १०५२ र महिलाको संख्या २३९ छ । व्यवसायहरुमा सबैभन्दा बढी थोक तथा खुद्रा व्यवसायको संख्या ५२४ रहेको छ भने ९४१ जना मानिसहरु यस्ता व्यवसायमा संलग्न छन् ।

नगरपालिकामा हुने आयात निर्यातको यकिन तथ्याङ्कहरु उपलब्ध नभएपनि अधिकांश निर्माण सामाग्री, वाथरुम फिटिङस, औषधी, घरको पेन्टस, लत्ता कपडा, जुत्ता चप्पल, भाँडाकुडा, श्रृंगार सामाग्री, इन्धन र खाना पकाउने ग्यास, विद्युतीय सामाग्री, कृषि मल र उपकरण/औजार, सवारी साधन, पार्टपुर्जा आदि जस्ता वस्तुहरु नगरपालिकामा आयात हुने गरेको पाइन्छ भने खाद्यन्न, दुध, आलु, उखु, जुट, दलहन, तेलहन, तरकारी,

माछामासु र फलफुलहरु नगरपालिकाबाट निर्यात हुने गरेको देखिन्छ । मलगंवा, वरहथवा, नयाँरोड, हरिवन, लालबन्दी, बर्दिबास, जनकपुर, बिरगंज, काठमाण्डौ आदि आयात र निर्यात हुने मुख्य शहरहरु हुन । बलरा नगरपालिकामा अवस्थित बजारहरुमा तरकारी, लत्ताकपडा, माछामासु, जुत्ता चप्पल, सख्खर, शृंगार सामाग्री, निर्माण सामाग्री, इन्धन, घरेलु हतियार, कृषि सामाग्री, मल बिउ, स्थानीय तरकारी, फलफुल, दलहन, तेलहन, औषधी र अन्य घरयासी प्रयोजनका सरसामानहरु किनमेल र बिक्रीविरतण हुने मुख्य वस्तुहरु हुन । बलरा नगरपालिकामा हुने आयात र निर्यात हुने सामाग्रीहरुको विवरण तालिका २१ मा प्रस्तुत गरिएको छः

नगरपालिकाबाट आयात निर्यात हुने सामानहरु

| क.स. | आयात हुने सामानहरु | निर्यात हुने सामानहरु |
|---|---|---|
| १ | खाद्य सामाग्री र औषधी | खाद्यन्न, दुध, आलु, उखु, जुट, दलहन, तेलहन, तरकारी र फलफुलहरु, माछा मासु |
| २ | लत्ताकपडा, जुत्ता चप्पल | |
| ३ | निर्माण सामाग्री, किचन र बाथरुप फिटिङ्स, रंग | |
| ४ | भाँडाकुडा | |
| ५ | शृंगार सामाग्री | |
| ६ | पेट्रोल, डिजेल, एलपिजी ग्यास | |
| ७ | विद्युतीय सामाग्री | |
| ८ | कृषि सामाग्री, मल/बिउ र औजार/उपकरण | |
| ९ | सवारी साधन र पार्टस् पुर्जा | |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

**ङ) प्राकृतिक स्रोत तथा सम्पदा**

बलरा नगरपालिका, सर्लाहीमा विभिन्न प्राकृतिक स्रोत तथा सम्पदाहरू रहेका छन्, जसले स्थानीय वातावरण, कृषि, तथा जनजीवनमा महत्वपूर्ण भूमिका खेल्छन्।

**१. नदीहरू**

बलरा नगरपालिकामा बागमती नदी र मनुसमारा नदी गरी दुई प्रमुख नदीहरू छन्।

- बागमती नदी – नगरपालिकाको पश्चिम दिशामा वडा नं ११ र १ को केही भाग भएर बग्दछ।
- मनुसमारा नदी – वडा नं ११ र १० को सिमाना हुँदै वडा नं २ बाट पूर्वतर्फ बग्दछ।

**२. सिमसार क्षेत्र तथा पोखरीहरू**

बलरामा प्राकृतिक सिमसार क्षेत्रहरूका साथै थुप्रै निजी तथा सार्वजनिक पोखरीहरू छन्।

- यी पोखरीहरूमा माछा पालन गरिन्छ।
- छठ जस्ता महत्वपूर्ण सांस्कृतिक तथा धार्मिक पर्वहरू पोखरी किनारमा मनाइन्छ।

**३. वन तथा जैविक विविधता**

बलरा नगरपालिकामा हरियाली क्षेत्रहरू, खेतीयोग्य जमिन, र झाडीयुक्त भूभाग पाइन्छ।

- केही ठाउँहरूमा साना वनस्पति तथा प्राकृतिक घाँसे मैदान पाइन्छ।
- चराचुरुंगी तथा स्थानीय वन्यजन्तुहरू भेटिन्छन्, जसले जैविक विविधताको संकेत गर्छ।

**४. कृषियोग्य माटो र भू-संरचना**

बलराको उर्वर माटो विभिन्न प्रकारका बालीनाली उत्पादनका लागि उपयुक्त छ।

- मुख्य रूपमा धान, गहुँ, मकै, तरकारी, र तेलहन बाली खेती गरिन्छ।
- उर्वर भूमिका कारण यहाँको कृषि उत्पादन प्रमुख आर्थिक स्रोत हो।

**च) पर्यटन**

बलरामा पर्यटनको मुख्य आकर्षण भनेको स्थानीय स्तरमा संचालन हुने मैला, चाडपर्वमा हुने धार्मिक कार्यक्रम तथा अनुष्ठान र स्थानीय मठ मन्दिरहरु नै हुन । हिन्दुहरुको अधिक बाहुल्यता भएकोले छठ, दशै, तिहार, माघी, शिवरात्री, रामनवमी आदि जस्ता पर्वहरु लगायत छठ पर्वको समयमा स्थानीय पोखरी र नदि किनारमा लाग्ने मेलाहरुमा बिशेष प्रकारको उत्साह र उल्लासमय वातावरण हुने गर्दछ । त्यसैगरी कार्तिक महिनामा पर्ने हरिबोधिनि एकादशीमा नगरपालिकाका विभिन्न स्थानहरुमा लाग्ने मेलामा पनि स्थानीय जनसमुदायहरु उत्साहपूर्वक भेला हुने गर्दछन् । पर्यटनको लागि नगरपालिका बाहिरबाट मानिसहरु नआउने भएकोले नगरपालिका होटलहरुको व्यवस्था भने छैन । राम जानकी मन्दिर, तेली कुटी मन्दिर, बाबा नारायण दास बाग मन्दिर लगायत स्थानीय पोखरी र कुण्डहरु नै यहाँका प्रमुख धार्मिक तथा पर्यटकिय आकर्षणहरु हुन ।

## १.२.३ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

| वडा | जम्मा जनसंख्या | जम्मा घरधुरी | उपलब्ध प्रमुख सेवाहारू | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | ३९४३ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| २ | ५६३० | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| ३ | २७७८ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| ४ | ४३७१ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| ५ | ४५६५ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| ६ | ५१८५ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| ७ | ४५१६ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| ८ | ५१२८ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| ९ | ३९६५ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |
| १० | ४४१६ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |


| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ३३७९ | | निशुल्क शिक्षा | स्वास्थ्य सेवा | खानेपानी | बिधुत | |

## १.२.३ भौगोलिक तथा जनसाङ्खिक स्वरूप (Geographical Background and Demographic Characteristics/Structure)

### १.२.३.१ भौगोलिक पृष्ठभूमि (Geographical Background)

**भौगोलिक अवस्थिति**

मधेश प्रदेश अन्तर्गत सर्लाही जिल्लाको दक्षिण पश्चिम कुनामा अवस्थित बलरा नगरपालिकाको पूर्वमा सर्लाही जिल्लाकै गोडेता नगरपालिकापश्चिममा बागमती र मनुसमारा नदि तथा रौतहट जिल्ला पर्दछन ,् । त्यसैगरी उत्तरमा रामनगर गाउँपालिका र दक्षिणमा नेपाल भारतको अन्तराष्ट्रिय सिमाना रहेको छ । बलरा नगरपालिकाको कुल क्षेत्रफल ४८.५५ वर्ग किमि रहेको छ भने यो नगरपालिका समुन्द्र सतहबाट ७४ देखि ७९ मिटरसम्म रहेको छ । भौगोलिक हिसाबले यो नगरपालिकाको फैलावट २६ °४५ '३६" देखि २७ ° १० '१८" उत्तरी अक्षांशसम्म र ८५ °२० '४९" देखि ८५ °०५ '५७" पूर्वी देशान्तर फैलिएको छ । बलरा नगरपालिका जिल्ला सदरमुकाम मलंगवाबाट लभगभ २० किमि र महेन्द्र राजमार्गको नयाँ रोडबाट ४० किमि टाढा रहेको छ ।




नगरपालिकाको अवस्थिति

## १.२.३.२ भौगोलिक अवस्था

मधेश प्रदेश अन्तर्गत सर्लाही जिल्लाको दक्षिण पश्चिम कुनामा स्थित बलरा नगरपालिका पुर्णतः ग्रामीण क्षेत्र हो । लगभग ४८.५५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो नगरपालिका पश्चिममा प्रसिद् नदी बागमती र मनुसमारा तथा रौतहट जिलाको सिमानासग जोडिएको छ भने पूर्वमा सर्लाही जिल्लाकै गोडैता नगरपालिका,उत्तरमा रामनगर गाँउपालिका र दक्षिणमा नेपाल भारतको अन्तराष्ट्रिय सिमाना रहेको छ । जिल्ला सदरमुकाम मलंगवाबाट लगभग २० कि.मि. दक्षिण पश्चिममा रहेको यस नगरपालिकाको २०७८ को जनगणनाको आधारमा कुल जनसंख्या ४७९१२ रहेकोछ जस मध्ये २४७७१ पुरुष तथा २३१४१ महिलाको रहेकोछ । पुरुष ५१.७ प्रतिशत र महिला ४८.३ प्रतिशत छन । परिवार संख्या ८६२२ रहेको एवं वार्षिक जनसंख्या वृद्धि ०.५६ छ भन्ने जनधनत्व ९८६.९ वर्ग कि.मि.रहेकोछ । यस नगरपालिकाका साक्षरता प्रतिशत ५४.५ रहेकोमा पुरुष साक्षरता ६२.२ प्रतिशत तथा महिला साक्षरता ४६.२ प्रतिशत रहेकोछ । बलरा नगरपालिकाको अक्षांश २६.७७२११" वा २६ ४६ २०" उत्तर र देशान्तर ८५.३७४०७" वा ८५ २२ २७"पुर्व र यसको सतह समुन्द्रको सतह देखि ७७ मीटर माथि रहेकोछ । बलरा नगरपालिकाको बडानुसार नक्सा निम्नानुसारको छ ।

स्थापनाः२०७३

जम्मा वडाः ११

समावेस भएका वडाहरु २०७३ अनुसार - हथिऔल—१, हथिऔल—२,बलरा—३, बलरा—४, अर्नाहा, मिर्जापुर, डुमरिया, गडहिया, अचलगढ, सुदामा, छताैना

### १.२.३.३ नदीनाला

**सर्लाही जिल्लाको बलरा नगरपालिकामा बग्ने प्रमुख नदीहरू निम्नानुसार छन्:**

1. **बागमती नदी –** सर्लाही जिल्लाको एक प्रमुख नदी हो, जुन पहाडबाट बग्दै तराई हुँदै भारततर्फ जान्छ।
2. **मनुष्मारा नदी –** सिंचाइ तथा स्थानीय जनजीवनका लागि उपयोगी अर्को प्रमुख नदी हो।

### १.२.३.४ हावापानी

बलरा नगरपालिका, सर्लाहीको हावापानी (जलवायु) तराई क्षेत्रमा पर्ने भएकाले समशीतोष्णदेखि उष्ण हावापानी पाइन्छ। यहाँको मौसम वर्षभरि तल-माथि हुने गर्दछ।

**मौसम अनुसार हावापानीः**

- गर्मी (असोज — चैत)

  **तापक्रमः** ३०°-४०°C सम्म पुग्न सक्छ।

  गर्मीयाममा उच्च तापक्रम हुने र कहिलेकाहीं लू चल्ने गर्दछ।

- **वर्षा (भदौ — असार)**

  **सरदर वार्षिक वर्षाः** १५००-२००० मि.मि।

  मनसुनको समयमा भारी वर्षा हुने हुँदा बाढीको सम्भावना रहन्छ।

- **जाडो फा — कार्तिक)गुन(**

  **तापक्रमः** ५°-१५°C सम्म झर्न सक्छ।

  बिहान बेलुकी चिसो हावा चल्ने तथा कुहिरो लाग्ने गर्छ।

### १.२.३.५ प्राकृतिक बिपत र तिनको सम्भावना

नदि कटान, बाढी, डुबान, डढेलो आदि जस्ता वातावरणीय र प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रहरु संवेदनशील क्षेत्रहरु अन्तर्गत रहने छन् । वडा नं ११ को बदर्बा वस्ती पश्चिमको बागमती नदी किनारको क्षेत्र, वडा नं १ को दक्षिण पश्चिमको बागमती नदि किनारको क्षेत्र, वडा नं १०, ११ र २ को सुदामा नदिको आसपासको बाढी र डुबान प्रभावित क्षेत्रहरु जोखिम संवेदनशील क्षेत्रको रुपमा रहेका छन् र यस्ता क्षेत्रहरुमा वस्ती तथा आवासको विकासलाई निषेध गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

### १.२.३.६ प्राकृतिक स्रोत एवं विशेषता

बलरा नगरपालिका, सर्लाही जिल्लाको तराई क्षेत्रमा अवस्थित एक समृद्ध स्थानीय तह हो। यहाँका प्राकृतिक स्रोतहरू कृषि, जलस्रोत, जैविक विविधता, तथा वातावरणीय सन्तुलनका लागि महत्वपूर्ण छन्।

१. जलस्रोत (नदी, पोखरी, तथा सिमसार क्षेत्र)

बलरा नगरपालिकामा बहने प्रमुख जलस्रोत निम्न छन्ः

(क) नदीहरू

1. बागमती नदी
    - बलरा नगरपालिकाको पश्चिमी भागमा, विशेष गरी वडा नं. ११ र १ को सीमाना भएर बग्छ।
    - यो नदी सिँचाइ, माछापालन, तथा धार्मिक कार्यहरूका लागि महत्त्वपूर्ण छ।
2. मनुसमारा नदी
    - मनुसमारा नदी पनि नगरपालिकाको पश्चिमी किनार भएर बग्दछ।
    - वडा नं. ११ र १० को सिमाना हुँदै वडा नं. २ बाट पूर्वतर्फ बग्दछ।

(ख) पोखरीहरू र सिमसार क्षेत्र

- बलरा नगरपालिकामा कृत्रिम तथा प्राकृतिक पोखरीहरू प्रशस्त छन्।
- पोखरीहरूमा माछापालन तथा धार्मिक तथा सांस्कृतिक कार्यहरू (जस्तै छठ पर्व) मनाइन्छ।
- केही पोखरी तथा दलदली क्षेत्रहरू सिमसारका रूपमा रहेको पाइन्छ, जसले जैविक विविधतालाई समर्थन गर्छ।

## १.२.४ पूर्वधार र विकास

### क) स्वास्थ्य सेवा

बलरा नगरपालिकामा १ प्राथमिक स्वास्थ्य चौकीसंगै ७ वटा स्वास्थ्य चौकी, ३ आधारभूत स्वास्थ्य केन्द्र गरी ११ वटा स्वास्थ्य संस्थाहरु छन् । त्यसबाहेक वडा नं ५ मा स्थानीय स्तरको एक आयुर्वेद अस्पताल, नीजि स्तरमा संचालित धानी मोडेल अस्पताल, केहि औषधी पसल, मेडिकल आदि संचालनमा रहेको देखिन्छ जसले गर्दा नगरवासीहरुले प्राथमिक र आधारभूत तहको स्वास्थ्य सेवा नगरपालिकाका स्वास्थ्य चौकीहरुबाटै प्राप्त गर्ने गरेका छन् । वडा नं ९ स्थित अचलगढमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा प्रसुती सेवा, ल्याव सेवा, क्लिनिक सेवा, एक्सरे सेवा, परिवार नियोजन सेवा, परामर्श सेवा, सुरक्षित मातृत्व सेवा, एम्बुलेन्स र इमेरजेन्सी सेवा समेत रहेको छ जसले गर्दा प्राथमिक तहको स्वास्थ्य सेवा नगरपालिकामा उपलब्ध रहेको छ । अन्य वडाहरुमा रहेका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमा चाहि प्रसुती, ल्याव, एक्सरे, इमरजेन्सी जस्ता सेवाहरु उपलब्ध छैन् । जसले गर्दा वडावासीहरु प्राथमिक तहको स्वास्थ्य उपचारको लागि अचलगढ नै पुग्नुपर्ने बाध्यता छ ।



वडा नं ११ स्थित स्वास्थ्य चौकी छतौना

दीर्घ र गम्भिर प्रकारका रोगको उपचारको लागी नगरवासीहरु मलगंवा स्थित जिल्ला अस्पताल, बीरगंज या भारतको विहार राज्यको सितामढी शहर जाने गरेका छन् । सितामढी शहर बलराबाट १.५ घण्टा जतिको यात्रामा पुगिने भएकोले अहिले पनि अधिकांश नगरवासीहरु उपचारको लागि सितामढी नै जाने गरेका छन् । बीरगंजमा स्तरिय अस्पताल भएतापनी सर्लाही र रौतहटको सिमानामा रहेको बागमती नदीमा पुल नभएको कारण बलराबाट बरहथवा, महेन्द्र राजमार्गको पथलैया हुँदै बीरगंज जान लामो बाटो तय गर्नुपर्ने बाध्यता छ । त्यसैले बीरगंज जानु परे नगरवासीहरु अहिले पनि भारतीय बाटो हुँदै जाने गरेका छन् । बीरगंज जान भारतीय बाटो नै प्रयोग गर्नुपर्ने बाध्यता भएकोले उपचारको लागि बरु बीरगंज जानु भन्दा सीतामढी जानु नजिक र उपचार पनि सस्तो हुने भएकोले बलरावासीहरु सीतामढी जानु नै उपयुक्त ठान्ने गर्दछन् । केहि सम्पन्न घरपरिवार र काठमाण्डौमा आफन्त भएकाहरु भने गम्भिर प्रकारको उपचारको लागि राजधानी काठमाण्डौ समेत जाने गरेका छन् । बलरा नगरपालिकामा रहेका सरकारी स्वास्थ्य संस्थाहरुको विवरण तालिका १० मा प्रस्तुत गरिको छः

तालिका १: स्वास्थ्य संस्थाहरुको वडागत वितरण

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | स्थान | वडा नं |
|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य केन्द्र | सढेवा | १ |
| २ | स्वास्थ्य चौकी | हथिऔल | २ |
| ३ | आधारभूत स्वास्थ्य केन्द्र | लक्ष्मीपुर | ३ |
| ४ | स्वास्थ्य चौकी | बलरा | ४ |
| ५ | स्वास्थ्य चौकी | अर्नाहा | ५ |
| ६ | स्वास्थ्य चौकी | मिर्जापुर | ६ |
| ७ | स्वास्थ्य चौकी | डुमरिया | ७ |
| ८ | आधारभूत स्वास्थ्य केन्द्र | गडहिया | ८ |
| ९ | प्राथमिक स्वास्थ्य केन्द्र | अचलगढ | ९ |
| १० | स्वास्थ्य चौकी | सुदामा | १० |
| ११ | स्वास्थ्य चौकी | छतौना | ११ |

*स्रोतः बलरा नगरपालिका, २०८१*

## ख) खानेपानी

खानेपानी तथा सरसफाईको मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध हुने गर्दछ भने स्वस्थ्य खानेपानी नगरवासीको आधारभूत आवश्यक्ता समेत हो । राष्ट्रिय जनगणना २०७८ का अनुसार ट्युबवेल/हेण्डपम्प बलरा नगरपालिकाको खानेपानीको मुख्य स्रो हो र नगरपालिकाका ९३.४% घरधुरीहरु ट्युबवेल/हेण्डपम्पको पानीमा निर्भर छन् । केवल ३.६% घरधुरीहरुले मात्र आफ्नै घर परिसर भित्र भएको धारा/पाइपको पानी प्रयोग गर्दछन् भने २% घरधुरीले घर परिसर बाहिर रहेको धारा/पाइपको पानी प्रयोग गर्दछन (तालिका १४) । इनार/कुवा, मूल धारा र नदि/खोलाको पानि प्रयोग गर्ने घरधुरीहरु भने निक्कै न्यून छन् ।

तालिका २: खानेपानीको मुख्य स्रोत

| क्र.स. | खानेपानी स्रोत | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | धारा/पाईपको पानी (घर परिसर भित्र) | ३१० | ३.६ |
| २ | धारा/पाईपको पानी (घर परिसर बाहिर) | १७२ | २.० |
| ३ | ट्युबवेल/हेण्डपम्प | ८०५६ | ९३.४ |
| ४ | ढाकिएको ईनार/कुवा | १९ | ०.२ |
| ५ | नढाकिएको इनार/कुवा | ७ | ०.१ |
| ६ | मूल धारा | २ | ०.०२ |
| ७ | नदी/खोला | २ | ०.०२ |
| ८ | जार/बोटल | ५ | ०.१ |
| ९ | अन्य | ४९ | ०.६ |
| जम्मा | | ८६२२ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाईको अवस्थालाई समेत जनाउने गर्दछ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार बलरा नगरपालिकामा अहिले पनि १५.१% घरधुरीमा शौचालय नभएको देखिन्छ भने ८४.८% घरधुरीमा कुनै न कुनै प्रकारको शौचालय रहेको छ । शौचालय हुने घरधुरीहरुमा ४३.४% घरधुरीमा साधरण खाल्टे चर्पी, ३९.९% सेप्टिक टयांकी सहितको फ्लस भएको शौचालय र १.५% घरधुरीमा सार्वजनिक ढलमा जडित फ्लस भएको शौचालय छ (तालिका १५) । नगरपालिकाका बलरा, अचलगढ, हथिऔल, मिर्जापुर, सुदामा, गडहिया, छतौना जस्ता मुख्य बजार/बस्तीहरुको सडकको दायाँ बायाँ ढलहरु निर्माण हुँदै गरेको देखिन्छ भने निर्माण भएका ढलहरु पनि खुल्ला र नढाकिएको अवस्था छ । अन्य ग्रामिण क्षेत्रका वडा र वस्तीहरुमा ढल र नालीहरुको व्यवस्था छैन ।

सरसफाई र फोहोरमैला व्यवस्थापन सम्बन्धि जनचेतनाको कमी र आवश्यक पूर्वाधारहरुको अभावमा नगरपालिकामा बजार र वस्तीहरु निक्कै फोहोर देखिन्छन । वस्ती छेउछाउका सडक र खुला स्थानहरुमा मानव दिसा देख्न सकिन्छ भने घना वस्ती भएका टोलहरुमा समथल भूमी र ढलको निकास नभएर जाम भएकोले वस्तीहरु दुर्गन्धित भएको अवस्था छ । जसको कारण गर्मी याममा नगरपालिकामा ५ बर्ष मुनिका ३५.३% बालबालिकाहरु झाँडापखालाबाट ग्रसित हुने गरेका छन् (प्रदेश २ पार्श्वचित्र, २०७७) ।

नगरपालिकाले हालसम्म फोहोरमैला संकलनको शुरुवात गर्न सकेको छैन । मुख्य बजार र वस्तीहरुमा डस्टबिन र सार्वजनिक शौचालयको समेत अभाव देखिन्छ । न्यून साक्षरता, जनचेतनाको अभाव, गरिबी, फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि पूर्वाधारको अभाव जस्ता कारणहरुले गर्दा नगरपालिकाको सरसफाइमा ठूलो चुनौती देखिएको छ ।

तालिका ३ः घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति

| प्रयोगको अवस्था | घरधुरी | प्रतिशत |
|---|---|---|
| फ्लस भएको शौचालय (सार्वजनिक ढल) | १२६ | १.५ |
| फ्लस भएको शौचालय (सेप्टिक टयांकी) | ३४३८ | ३९.९ |
| साधरण (खाल्टे) चर्पी | ३७४५ | ४३.४ |
| सार्वजनिक शौचालय | १५ | ०.२ |
| चर्पी नभएको | १२९८ | १५.१ |
| कुल घरधुरी | ८६२२ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## ग) विधुत

बलरा नगरपालिका, सर्लाही जिल्लामा अवस्थित एक प्रमुख स्थानीय तह हो जसमा विद्युत आपूर्ति र विकासमा केही प्रगति भएको छ। यद्यपि, अझै केही चुनौतीहरू छन्, जसका कारण विद्युत सेवा सबै क्षेत्रसम्म समान रूपमा पुर्याउन थप प्रयासहरूको आवश्यकता छ।

१. विद्युत आपूर्ति

- बलरा नगरपालिकाको अधिकांश क्षेत्रमा विद्युत आपूर्ति पुगेको छ, जसमा मुख्य नगरपालिका क्षेत्र र केही ग्रामीण क्षेत्रहरू समावेश छन्।
- यहाँको विद्युत आपूर्ति नेपाल विद्युत प्राधिकरण (NEA) द्वारा सञ्चालित छ।
- शहरको केन्द्र र बजार क्षेत्रहरूमा विद्युत आपूर्ति प्रायः स्थिर छ, तर केही दुर्गम तथा बाढी प्रभावित क्षेत्रहरूमा विद्युत आपूर्ति समस्याहरू देखिन्छन्।

२. विद्युतीकरणको अवस्था

- ग्रामीण इलाकामा विद्युतीकरणको स्तर केहि कम छ। केही दूरदराजका वडाहरूमा विद्युत आपूर्तिमा समस्या छ, जसले यहाँका नागरिकलाई दैनिक जीवनमा कठिनाइ पुर्याउँछ।
- यद्यपि, नेपाल सरकारको सौर्य ऊर्जा कार्यक्रम र ग्रामीण विद्युतीकरण परियोजना अन्तर्गत केही गाउँमा सौर्य ऊर्जा (solar power) र हाइड्रो पावर जस्ता वैकल्पिक ऊर्जा स्रोतहरू प्रयोग गरिन्छ।
- नगरपालिकाले पावर हाउस, ट्रांसफर्मर, र लाइन्सको मर्मत र विस्तारका लागि विद्युत परियोजनाहरू लागु गरेको छ।

३. विद्युत समस्याहरू

- अवधि अनुसार विद्युत कटौतीः कहिलेकाहीं लोडसेडिङ (विद्युत कटौती) हुन्छ, विशेष गरी वर्षा र गर्मी महिनामा।
- मर्मत र सुधारको आवश्यकताः विद्युतका लाइन्स र ट्रांसफर्मरहरूको मर्मत र विस्तारमा सुधार गर्नुपर्ने आवश्यकता छ।

## घ) यातायत/हवाई मार्ग

बलरा नगरपालिका, सर्लाही जिल्लामा अवस्थित एक समृद्ध क्षेत्र हो, जहाँ यातायात र संचारका सुविधाहरूको विकास भइरहेको छ। यद्यपि, बलरा नगरपालिकामा हवाई मार्गको सीधा पहुँच छैन, यहाँका यातायात व्यवस्था भने सुधारको दिशामा अगाडि बढ्दैछन्।

१. सडक यातायात

बलरा नगरपालिका मुख्यतः सडक यातायातमा निर्भर छ। यहाँका प्रमुख सड्कों र सञ्जालले नगरपालिकालाई आसपासका क्षेत्र र अन्य जिल्ला संग जोड्दछ।

- मुख्य सडक र सञ्जाल:
    - बलरा नगरपालिका सर्लाही जिल्लाका विभिन्न वडाहरूसँग राम्रो सडक सञ्जाल बाट जडित छ।
    - सडकको अवस्था केहि स्थानमा सुधार भएको छ, र केही स्थानहरूमा पक्की र कच्ची सडकोंको निर्माण कार्य भइरहेको छ।
    - प्रमुख शहरहरू, जस्तै हेटौडा, ललितपुर, काठमाडौं, जनकपुर र अन्य आसपासका स्थानहरूबाट बलरा नगरपालिकामा आवागमन गर्ने मुख्य मार्गहरू छन्।
    - सार्वजनिक यातायात जस्तै बस, माइक्रो, र टेम्पो, ट्रकहरू यत्रा गर्न प्रयोग गरिन्छ।
- आवागमनमा सुधार:
    - नगरपालिका सडकको विस्तार र मर्मतमा ध्यान दिन्छ, जसले यातायातका सुविधामा वृद्धि गरिरहेको छ।
    - सस्तो र द्रुत यातायात सेवा प्रवर्धन गर्ने योजनाहरू अघि बढाइएका छन्।

२. हवाई मार्ग

- बलरा नगरपालिकामा हवाई मार्गको सीधा पहुँच छैन।
- यस नगरपालिकाको नजिकको प्रमुख हवाई अड्डा भनेको काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हो, जुन बलरा नगरपालिकाबाट लगभग १५० किलोमिटर टाढा छ।
- विमान सेवा: बलरा नगरपालिकाबाट हवाई यात्रा गर्नको लागि काठमाडौंको त्रिभुवन विमानस्थलमा जानुपर्नेछ, जहाँबाट विभिन्न आन्तरिक र अन्तर्राष्ट्रिय गन्तव्यहरूमा उडान उपलब्ध छन्।
- आवश्यक सुधार: स्थानीय सरकार र अन्य सरकारी निकायहरूले सार्वजनिक यातायात सुधार र हवाई सेवा उपलब्ध गराउनको लागि विभिन्न परियोजनाहरूलाई प्राथमिकता दिन थालेका छन्।

३. भविष्यका योजना

- सडक विस्तार र सुधार: बलरा नगरपालिका क्षेत्रका सडकहरूको सञ्जाललाई थप मजबुत बनाउन र अझ बढी गाउँहरूमा सिधा यातायात सेवा पुर्याउनका लागि सुधार र विस्तार योजनाहरू छन्।
- हवाई मार्गको सम्भावना: यदि भविष्यमा बलरा नगरपालिका नजिकको कुनै स्थानमा साना विमानस्थल निर्माण गर्ने योजना हुन्छ भने, यो क्षेत्रको यातायात प्रणालीमा सुधार र द्रुत पहुँचको सम्भावना रहन्छ।

**ङ) सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेट सेवा**

१. सूचना र संचार प्रविधि (ICT)

- बलरा नगरपालिका सँग ७०% वडामा इंटरनेट सेवा उपलब्ध छ।
- e-governance प्रणाली लागू गरिएको छ।

२. हुलाक सेवा

- नगरपालिका क्षेत्रमा ३ हुलाक कार्यालय छन् जसले पत्राचार र पार्सल सेवा प्रदान गर्छ।

३. पत्रपत्रिका र समाचार सेवा

- स्थानीय पत्रिका जस्तै सर्लाही टाइम्स र रेडियो स्टेशनहरू जस्तै रेडियो सर्लाही ले समाचार सेवा उपलब्ध गराउँछन्।
- अन्नपूर्ण पोस्ट, कान्तिपुर जस्ता राष्ट्रिय पत्रिका पनि यहाँ उपलब्ध छन्।

४. इन्टरनेट सेवा

- प्रमुख सेवा प्रदायकहरू जस्तै NTC, NCELL, र WorldLink इन्टरनेट सेवा उपलब्ध गराउँछन्।
- ६०% वडामा इन्टरनेट सेवा फैलिएको छ।
- सार्वजनिक Wi-Fi जोन र इंटरनेट क्याफे पनि बढिरहेका छन्।

५. सुधार र योजनाहरू

- डिजिटल शिक्षा र प्रविधि तालिम कार्यक्रमहरूको विकास भइरहेको छ।
- १००% इन्टरनेट पहुँच र नयाँ हुलाक कार्यालय खोल्ने योजनाहरू छन्।

**ङ) बैंकिंग सेवा**

बलरा नगरपालिका, सर्लाही जिल्लामा प्रमुख बैंकिङ सेवाहरू **राष्ट्र बैंक** र **NIC एशिया बैंक** द्वारा प्रदान गरिन्छ। यी बैंकहरूले बचत खाता, चालु खाता, लोन, एटीएम सेवा, र मोबाइल बैंकिङ जस्ता सुविधाहरू उपलब्ध गराएका छन्। यद्यपि, नगर क्षेत्रहरूमा बैंकिङ सेवाको पहुँच अझै सीमित छ, र भविष्यमा यसका विस्तारका लागि प्रयासहरू भइरहेका छन्।

**१.२.५ ऐतिहासिक पृष्ठभूमि (Hisorical Background)**

**क) ऐतिहासिक अवस्था**

बलरा नगरपालिका, सर्लाही जिल्लाको ऐतिहासिक अवस्था प्राचीनकालदेखि विभिन्न सांस्कृतिक, धार्मिक र सामाजिक प्रभावहरूले घेरिएको छ। यस क्षेत्रको ऐतिहासिक महत्त्व मुख्यतः **हिन्दू धर्म** र **मधेसी संस्कृतिसँग** गहिरो जडित छ। बलरा नगरपालिकाको ऐतिहासिक पहिचान **मधेसी समुदाय**का पुराना परम्परा, संघर्ष र सांस्कृतिक गतिविधिहरूसँग सम्बन्धित छ, जसको प्रभाव आजसम्म यहाँका धार्मिक र सांस्कृतिक उत्सवहरूमा देखिन्छ।

बलरा नगरपालिका क्षेत्रका ऐतिहासिक स्थलहरूको मध्येमा **प्राचीन मन्दिरहरू** र **धार्मिक स्थलहरू** रहेका छन्। **बागमती नदी** र **मनुसमारा नदी**का किनारमा प्राचीन पोखरीहरू, मन्दिरहरू र अन्य धार्मिक स्थलहरू पाइन्छ, जसको महत्त्व स्थानीय समुदायको धार्मिक क्रियाकलाप र तीर्थयात्रामा रहेको छ। यी नदीहरूलाई धार्मिक दृष्टिले विशेष स्थान प्राप्त छ, र त्यहाँको **छठ पूजा** जस्तो परम्परागत उत्सवहरूले ऐतिहासिक महत्त्वलाई अझ गहिरो बनाउँछ।

इतिहासमा, बलरा नगरपालिका क्षेत्रलाई **व्यापार** र **कृषि**का लागि महत्त्वपूर्ण स्थलको रूपमा मानिन्छ। प्राचीन कालमा बलराको भूमिको उत्पादकत्वले यहाँका मानिसहरूको व्यापारिक गतिविधिहरूलाई प्रोत्साहन दिएको थियो। साथै, यस क्षेत्रको ऐतिहासिक संदर्भमा **मधेश आन्दोलन** र **मधेसी समुदायका संघर्षहरू** पनि महत्त्वपूर्ण छन्, जसले स्थानीय सामाजिक र राजनीतिक परिवर्तनमा योगदान पुर्याएको छ।

बलरा नगरपालिका क्षेत्रका विभिन्न ऐतिहासिक स्थलहरूमा **राजनैतिक संघर्ष** र **सामाजिक आन्दोलनहरू**को इतिहास पनि समाहित छ। **कृषि** र **व्यापार**का आधारमा बलरामा स्थापित भएका धार्मिक र सांस्कृतिक केन्द्रहरूले यसलाई ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण बनाएको छ।

### ख) पर्यटकीय एवं ऐतिहासिक विशेषता

बलरा नगरपालिका, सर्लाही जिल्लामा पर्यटकीय र ऐतिहासिक दृष्टिले केही विशेषताहरू पाइन्छ। यद्यपि यो क्षेत्र मुख्यतः कृषि र पारम्परिक जीवनशैलीमा आधारित छ, यहाँको प्राकृतिक सौन्दर्य र ऐतिहासिक स्थानहरू पर्यटकहरूको आकर्षणको केन्द्र बनेका छन्। **बागमती नदी** र **मनुसमारा नदी** जस्ता प्रमुख जलाशयहरूले यहाँको वातावरणलाई रमाइलो बनाएका छन्। यी नदीहरूको किनारमा पोखरी र प्राकृतिक सिमसार क्षेत्रहरू पनि छन्, जसमा **पक्षीहरू** र अन्य प्राणीहरूको झुण्ड देख्न सकिन्छ।

इतिहासको दृष्टिले बलरा नगरपालिकामा **प्राचीन हिन्दू मन्दिरहरू** र **धार्मिक स्थलहरू** छन्, जहाँ तीर्थयात्रीहरूको भ्रमण प्रचलित छ। यहाँका **पोखरीहरू** र **छठ पूजा**को धार्मिक महत्त्व विशेष छ, जसले सांस्कृतिक र ऐतिहासिक दृष्टिले बलरा नगरपालिका क्षेत्रलाई विशेष बनाउँछ। यद्यपि यहाँको ऐतिहासिक महत्त्व अन्य प्रमुख पर्यटकीय स्थलहरूको तुलनामा कम छ, फिर पनि यहाँको प्राकृतिक सौन्दर्य र सांस्कृतिक गतिविधिहरूले पर्यटकलाई आकर्षित गर्ने क्षमता राख्छ।

### ग) सामाजिक अवस्था

बलरा नगरपालिका, सर्लाही जिल्लामा सामाजिक अवस्था विविध र परिष्कृत छ। यहाँका बासिन्दाहरू प्रायः **कृषि** र परम्परागत व्यवसायमा आधारित छन्, तर अब **विविध रोजगार** र **बिदेशी रोजगार**का अवसरहरूले पनि सामाजिक संरचनामा परिवर्तन ल्याएका छन्। परिवार संरचना प्रायः **विस्तारित परिवार**को रूपमै रहन्छ, जसमा विभिन्न पिढ़ीका सदस्यहरू एकै घरमा बस्ने परम्परा रहेको छ। समाजमा **जातीय** र **धार्मिक विविधता** पाइन्छ, जसमा हिन्दू, मुसलमान र अन्य समुदायका मानिसहरू मिलेर बसोबास गर्छन्।

सामाजिक समस्याहरू जस्तै **गरिबी**, **शिक्षा**को अभाव, **स्वास्थ्य सेवाको पहुँच** र **भ्रष्टाचार** जस्ता चुनौतीहरू पनि यहाँका मुख्य समस्याहरू छन्। यद्यपि, **सामाजिक एकता** र **आत्मनिर्भरता** को भावना बलिया छन्। मानिसहरू आपसमा सहयोग गरेर परम्परागत जात्रा, मेलाहरूमा भाग लिन्छन् र एकआपसमा सांस्कृतिक गतिविधिहरूमा सहभागी हुँदै सामाजिक सम्बन्धलाई मजबुत बनाउँछन्।

घ) सामाजिक तथा सांस्कृतिक विशेषता

बलरा नगरपालिका, सर्लाही जिल्लामा जाति, समुदाय र धर्मका विभिन्न मानिसहरू बसोबास गर्छन्। प्रमुख जातिहरूमा ब्राह्मण, थारु, मुसलमान, मधेसी, मगर, यादव आदि रहेका छन्। यहाँका मानिसहरू समाजमा एकता र सद्भावना कायम राख्छन्। पारिवारिक संरचना प्रायः विस्तारित परिवारको हुन्छ, जसमा बुवा, आमा, छोराछोरी, हजुरबुवा-हजुरआमाहरू र अन्य सदस्य एकै स्थानमा बस्छन्।

बलरा नगरपालिका सांस्कृतिक दृष्टिले विविध छ। यहाँ हिन्दू धर्म प्रमुख छ, र दशैं, तिहार, होली, छठ जस्ता चाडपर्वहरू मनाइन्छ। थारु समुदायका लोक गीत र नृत्य यहाँ प्रचलित छन्, जसमा ढिंच्याक नृत्य, कजरी र थारु नृत्य विशेष रूपमा देखिन्छ।

यहाँको प्रमुख भाषा नेपाली हो, तर थारु, मधेशी र मुस्लिम समुदायका भाषाहरू पनि बोलिन्छन्। समुदायका चाडपर्व र मेलामा मौखिक संवाद र आपसी सहकार्य प्रचलित छ, जसले सामाजिक एकता कायम राख्छ।

बलरा नगरपालिका क्षेत्रका मानिसहरूले हस्तकला, माटोका भाँडाकुसी, काठको काम र अन्य शिल्पकला बनाउँछन्। संगीत र नृत्य, विशेष गरी ढिंच्याक नृत्य र थारु नृत्य, यहाँका सांस्कृतिक कार्यक्रमहरूको अभिन्न हिस्सा हुन्।

विवाह संस्कार बलरामा ठूलो सांस्कृतिक परम्परा हो, जसमा हिन्दू परम्परागत रीतिरिवाज पालना गरिन्छ। जन्म, नामकरण, मुन्डन र हवन पूजा जस्ता संस्कारहरू प्रचलित छन्, र छठ पूजा पोखरी किनारमा सूर्य देवताको पूजा गरेर मनाइन्छ।

ङ) चाडपर्व/जात्रा र अन्य संस्कृतिहरू

बलरा नगरपालिका, सर्लाही जिल्लामा चाडपर्व, जात्रा र सांस्कृतिक परम्पराहरू महत्वपूर्ण स्थान राख्छन्। यहाँका स्थानीय समुदायहरूले विभिन्न हिन्दू, बौद्ध र अन्य धार्मिक चाडपर्वहरूको उल्लासपूर्ण रूपमा पालन गर्छन्।

**१. प्रमुख चाडपर्वहरू**

- **दशैं**: दशैं नेपालको सबैभन्दा ठूलो र महत्वपूर्ण चाड हो, जसमा बलरा नगरपालिका क्षेत्रका मानिसहरू विशेष उत्साह र श्रद्धाका साथ पूजाआजा र धार्मिक अनुष्ठान गर्निन्छ।
- **तिहार**: दीपावलीको पर्व, जसमा घरघरमा दीप जलाएर, लक्ष्मी पूजन, र भाई टीका गर्निन्छ।
- **छठ पर्व**: विशेष गरी तराई क्षेत्रका मानिसहरूको महत्वपूर्ण पर्व हो, जसमा सूर्य देवताको पूजा गरिन्छ। बलरामा **पोखरी किनारमा छठ पूजा** खासगरी मनाइन्छ।
- **माघे संक्रान्ति**: माघे संक्रान्तिमा नयाँ अन्नको स्वागत र तिनका चाडहरू मनाइन्छ।
- **होली**: रंगहरूको पर्व होली पनि बलरामा हर्षोल्लासका साथ मनाइन्छ।

**२. जात्रा र सांस्कृतिक उत्सवहरू**

- **सार्वजनिक जात्रा**: बलरामा विशेष जात्रा र मेला आयोजित हुने गर्छन्, जसमा धार्मिक र सांस्कृतिक गतिविधिहरूको सहभागिता हुन्छ।
    - **गणेश जात्रा**: खासगरी गणेश पूजा र जात्रा मनाइन्छ जसमा विभिन्न प्रकारका नाचगान र धार्मिक अनुष्ठान गरिन्छ।
    - **महाशिवरात्रि**: महाशिवरात्रिको अवसरमा शिव मन्दिरमा विशेष पूजा र रातभरि जागरण गरिन्छ।

३. अन्य सांस्कृतिक परम्पराहरू

- **शादी र संस्कार**: बलरा नगरपालिका क्षेत्रमा **विवाह संस्कार**, **दाह संस्कार** र अन्य हिन्दू धार्मिक संस्कारहरू परम्परागत र सांस्कृतिक विधिले गरिन्छ।
- **लोक संगीत र नाच**: यहाँका स्थानिय लोक संगीत, **ढिंच्याक**, **कजरी**, **थारु नृत्य** आदि सांस्कृतिक नृत्य र गीतहरू लोकप्रिय छन्।

च) प्रमुख जातजाती, जनजातिहरू, पिछडा बर्ग,..................

तालिका... प्रमुख जातजातीहरू

| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| मल्लाह | ६२०३ | १२.९ |
| क्रमश कोईरी/कुशवाहा | ४०५७ | ८.५ |
| यादव | ३४३६ | ७.२ |
| राजपुत | ३३५५ | ७ |
| दुसाध | ३१७२ | ६.६ |
| कुर्मी | २६६६ | ५.६ |
| चमार | १२९२ | ५.६ |
| कानु | २२२० | ४.६ |
| ब्राम्हण तराई | २१९३ | ४.६ |
| मुसलमान | २०३९ | ४.३ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**तालिका... बिशेष/अल्पसंख्यक/लक्षित जातजातीहरू**

| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
| कलवार | ८१७ | १.७ |
| हजाम/ठाकुर | ८७६ | १.८ |
| लोहार | ९१९ | १.९ |
| नुनिया | ९५२ | २.० |
| रौनियार | ४३५ | ०.९ |
| बनियान | ४८९ | १.० |
| मुसहर | ४७२ | १.० |
| सन्यासी/दशनामी | ५५३ | १.२ |
| कथबनियान | ५१२ | १.१ |
| कुमहर | ४५० | ०.९ |
| सोनार | ३३७ | ०.७ |
| कहर | २८५ | ०.६ |
| अन्य | १७०८ | ३.६ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**तालिका... भाषागत जनसंख्या**

| भाषा | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| बजिका | ४४४७६ | ९२.८३ |
| मैथिलि | २७७५ | ५.७९ |
| उर्दू | ४१६ | ०.८७ |

| | | |
|---|---|---|
| मगही | १०९ | ०.२३ |
| नेपाली | ७८ | ०.१६ |
| हिन्दी | १९ | ०.०४ |
| भोजपुरी | १७ | ०.०४ |
| खस | १२ | ०.०३ |
| अन्य | १० | ०.०२ |
| जम्मा | ४७९१२ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**तालिका... प्रमुख धर्मावली अनुसारको जनसंख्या**

| धर्म | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| हिन्दु | ४५८७२ | ९५.७ |
| इस्लाम | २०४० | ४.३ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**छ) जनसाङ्खिक स्वरूप**

जनसाङ्खिक स्वरूप र प्रबृत्ति (जन्म दर, बसाई सराई, सुकुम्बासी, सरणार्थी, घुमन्ते/फिरन्ते.....)

लैंगिक, अपाङ्गता र बिशेष जातजाती

तालिका: २०६८ मा र २०७८ को कुल जनसंख्या

| उमेर समूह | जनसङ्ख्या | | जम्मा जनसङ्ख्यामा प्रतिशत | जनसङ्ख्या वृद्धि दर |
|---|---|---|---|---|
| | २०६८ | २०७८ | | |
| ०-४ वर्ष | | ५२८८ | ११.०४ | |
| ५-९ वर्ष | | ६१४७ | १२.८३ | |
| १०-१४ वर्ष | | ५८९७ | १२.३१ | |
| १५-१९ वर्ष | | ४८६३ | १०.१५ | |

| | | | | |
|---|---|---|---|---|
| २०-२४ वर्ष | | ४०९१ | ८.५४ | |
| २५-२९ वर्ष | | ३५३८ | ७.३८ | |
| ३०-३४ वर्ष | | ३०७२ | ६.४१ | |
| ३५-३९ वर्ष | | २९३४ | ६.१२ | |
| ४०-४४ वर्ष | | २४७७ | ५.१७ | |
| ४५-४९ वर्ष | | २०२५ | ४.२३ | |
| ५०-५४ वर्ष | | १७५३ | ३.६६ | |
| ५५-५९ वर्ष | | १३९७ | २.९२ | |
| ६०-६४ वर्ष | | १३४२ | २.८ | |
| ६५-६९ वर्ष | | ११३६ | २.३७ | |
| ७०-७४ वर्ष | | ९७८ | २.०४ | |
| ७५-७९ वर्ष | | ५७९ | १.२१ | |
| ८०-८४ वर्ष | | २२४ | ०.४७ | |
| ७५-७९ वर्ष | | ९० | ०.१९ | |
| ८०+ वर्ष | | ३५ | ०.०७ | |
| ९५ + बर्ष | | ४६ | ०.१ | |
| कुल | | ४७९१२ | १०० | |

*स्रोतः*

तालिका: २०७८ मा कुल जनसंख्या

| **वार्ड** | **जम्मा जनसङ्ख्या** | | |
|---|---|---|---|
| | **महिला** | **पुरूष** | **जम्मा** |
| १ | १८९० | २०५३ | ३९४३ |

| | | | |
|---|---|---|---|
| २ | २७४८ | २८८२ | ५६३० |
| ३ | १३१७ | १४६१ | २७७८ |
| ४ | २०४९ | २३२२ | ४३७१ |
| ५ | २१७८ | २३८७ | ४५६५ |
| ६ | २५६७ | २६१८ | ५१८५ |
| ७ | २१५१ | २३६५ | ४५१६ |
| ८ | २५४० | २६२४ | ५१६४ |
| ९ | १९४९ | २०१६ | ३९६५ |
| १० | २११२ | २३०४ | ४४१६ |
| ११ | १६४० | १७३९ | ३३७९ |
| जम्मा | २३१४१ | २४७७१ | ४७९१२ |

*स्रोतः*

**ज) जनसङ्ख्या प्रबृत्ति (बसाई सराई र यसको प्रभाव)**

कुल क्षेत्रफल १,४७,५१६ वर्ग किलोमिटर रहेको भूपरिवेष्ठित नेपालको भूगोल र हावापानीमा विविधता छ । पूर्व–पश्चिमको औसत लम्बाइ करिब ८८५ किमि र उत्तर–दक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमि रहेको छ भने उत्तरतिरबाट क्रमशः दक्षिणतिर पूर्वदेखि पश्चिमसम्म फैलिएका तीन भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई रहेका छन् । यी तीन भौगोलिक क्षेत्रमध्ये हिमाल, पहाड र तराईमा क्रमशः १५, ६८ र १७ प्रतिशत जति भूभाग रहेको छ भने जनसङ्ख्या क्रमशः ६.७३, ४३ र ५०.२७ प्रतिशत रहेको छ । हिमाल र पहाडबाट तराई तथा सहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति बढिरहेले पालता बस्ती भएका हिमाली र पहाडी क्षेत्र झन पातलिदै गएका छन् भने तराई तथा सहरी क्षेत्रमा जनघनत्व बढिरहेको छ । भौगोलिक स्वरूप र हावापानीमा भिन्न रहेका यी तीन क्षेत्रमध्ये हिमाली क्षेत्रमा ज्यादै चिसो हुने र कतिपय स्थानमा हिउँसमेत पर्ने भएकाले यस्ता स्थानमा यो अवधिमा जनजीवन ठप्प हुने गर्दछ । तराईको समथर भूभागमा भने गर्मि समयमा ४४° सेल्सियससम्म तापक्रम पुगी अत्यधिक गर्मि हुने गर्दछ । अधिकांश पहाडी क्षेत्रमा भने मध्यम तापक्रम हुने गर्दछ । हिमाली र पहाडी क्षेत्रमा कठिन भूबनोटका कारणले यातायात, सञ्चारलगायतका विकास तथा जनजीवनमा थप जटिलता उत्पन्न हुने गर्दछ । नेपालको संविधान बमोजिमका सात प्रदेशहरूमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रका भूभागहरू समावेश गरिएको छ । उदाहरणका लागि प्रदेश २ मा तराई क्षेत्रमात्र पर्दछ, गण्डकी प्रदेशमा पहाड र हिमाल पर्दछन्, लुम्बिनी प्रदेशमा तराई र पहाड रहेका छन् भने बाँकी चार प्रदेशमा तराई, पहाड र हिमाल तीनओटै क्षेत्र समावेश भएका छन् ।

जनसाङ्खिक बनोटको कुरा गर्दा सन् २०११ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २.६५ करोडको हाराहारीमा र जनसङ्ख्या वृद्धिदर १.३ प्रतिशत प्रतिवर्ष रहेको छ । यो जनसङ्ख्या वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा नेपालको अहिलेको जनसङ्ख्या करिब ३ करोड हुन आउँछ ।यसमा महिलाको जनसङ्ख्या करिब ५१.५ प्रतिशत रही पुरुषको भन्दा करिब ३ प्रतिशतले बढी रहेको छ । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।

उल्लिखित तालिकाअनुसार ४ देखि १६ वर्षको विद्यालय उमेरमा करिब ३२.५ प्रतिशत जनसङ्ख्या रहेको छ भने ४ वर्य मुनीको जनसङ्ख्या करिब ७.५ प्रतिशत र ६५ वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या करिब ४.३ प्रतिशत रही बाँकी करिब ५५.७ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक रूपले सक्रिय हुनसक्ने १७ देखि

६० वर्षमा रहेको छ । प्रदेशगत रूपमा जनसङ्ख्याको वितरणा हेर्दा नेपालको कुल जनसङ्ख्याको प्रदेश १ मा १७.१ प्रतिशत, २ मा २०.४ प्रतिशत, वागमतीमा २०.९ प्रतिशत, गण्डकीमा ९.१ प्रतिशत, लुम्बिनीमा १७.० प्रतिशत, कर्णालीमा ५.९ प्रतिशत र सुदूरपश्चिममा ९.६ प्रतिशत जनसङ्ख्या रहेको छ ।

हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट र जनसाङ्खिक स्वरूपले शिक्षालगायत विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा लिने गरिन्छ ।

## १.२ पालिकाको शैक्षिक सन्दर्भ

### १.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्त एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँंस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान—प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

### १.२.२ नीतिगत प्रबन्ध


नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक

पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौं आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

### १.२.३ शिक्षाको संरचनाः

**Organogram…… Educational Structure in Nepal**




नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

## १.२.४ बिद्यालय सङ्ख्या

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाई | CLC | अन्य | इकाईगत सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | | | | १-५ | ६-८ | ९-१० | ११-१२ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | ३३ | 0 | 0 | ५ | 0 | 35 | 0 | 0 | 9 | 0 | 6 | 0 | 3 | 58 | 18 | 58 | 9 | 3 | 9 | 58 | 0 | 0 | ४० | 9 | 6 | 3 |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | 29 | 0 | 0 | 3 | 0 | १९ | 0 | 0 | 9 | 0 | 6 | 0 | 3 | ४० | 18 | ४० | 9 | 3 | ९ | ४० | 0 | 0 | २२ | 9 | 6 | 3 |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | 0 | 0 | 0 | 1 | 0 | ० | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | १ | 0 | १ | 0 | 0 | 0 | १ | 0 | 0 | १ | 0 | 0 | 0 |
| सामुदयिक बिशेष बिद्यालय | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | 0 | 3 | 0 | 0 | 0 | 3 | 0 | 0 | 3 | 0 | 0 | 0 |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | | | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | | | | | | | | | | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 1 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु | | | | | | | | | | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 1 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका) | 0 | | | | | | | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु | 0 | | | | | | | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| खुल्ला बिद्यालय सङ्ख्या | 0 | | | | | | 0 | 0 | ० | 0 | 0 | 0 | 0 | 0 | ० | ० | 0 | 0 | 0 | ० | 0 | 0 | 0 | 1 | 0 | 0 |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | 0 | 0 | | | | | | | | | | | | | | | | | | | १ | 0 | 0 | 0 | 0 | 0 |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 0 | 0 | 0 | 0 |

## १.२.४ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

### क) पालिकाको सेवा क्षेत्र र भर्ना प्रवृत्ती

| तह/**कक्षागत** | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| **ECED** | ७९० | ६३४ | १४२४ |
| **१** | ११५१ | ९०० | २०५१ |
| **२** | ८१३ | ८३० | १६४३ |
| **३** | ८४४ | ९५७ | १८०१ |
| **४** | ६७१ | ६८७ | १३५८ |
| **५** | ७७५ | ७२३ | १४९८ |
| **६** | ५६६ | ६९० | १२५६ |
| **७** | ४८४ | ५३० | १०१४ |
| **८** | ५७४ | ५८४ | ११५८ |
| **९** | २४१ | १८५ | ४२६ |

| | | | |
|---|---|---|---|
| **१०** | ३५० | ३०५ | ६५५ |
| **११** | १४२ | १०९ | २५१ |
| **१२** | ८० | ९२ | १७२ |
| **जम्मा** | ७४८१ | ७२२६ | १४७०७ |

क.१) यस पालिकाको सेवा क्षेत्रबाहेक अन्य पालिकाका बालबालिकाहरु भर्ना भै अध्ययनरत र यस पालिकाको सेवा क्षेत्रबाट अन्य पालिकाका बिद्यालयहरुमा भर्ना भै अध्ययनरत कक्षागत र तहगत बिद्यार्थी

ख) कक्षा गत र तहगत जम्मा विद्यार्थी

| कक्षा | ECED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विधार्थी संख्या | १४२४ | २०५१ | १६४३ | १८०१ | १३५८ | १४९८ | १२५६ | १०१४ | ११५८ | ४२६ | ६५५ | २५१ | १७२ |

ख) समुदायिक बिद्यालयमा कक्षा गत र तहगत जम्मा विद्यार्थी

| कक्षा | ECED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विधार्थी संख्या | ८९१ | १२७३ | १३८४ | १५२६ | १२१० | १४०० | १२४४ | १०१४ | ११५८ | ४२६ | ६५५ | २५१ | १७२ |

### १.२.५ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.४ र ६७.२ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.३ र ९७.१ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८) कुल र खुद भर्ना दर क्रमशः ११०.४ र ९३.८ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १–३ मा औसत कक्षा दोहऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ । यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२) मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२% मात्र विद्यार्थी देखिन्छन् । यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ । त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको

समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

### १.३.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८) समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत् समावेशी गुरू योजना, सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

## १.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा

समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

## १.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;

८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;

९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;

११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१५. साक्षरता,निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१६. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

## १.५ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;
२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ;
३. दिगो विकास लक्ष प्रासिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको ;
४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको ;

५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको ;

६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको ;

७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने ;

८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ;

९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;

१०. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;

११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

## १.६ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै कोभिड–१९ को प्रकोप सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०२०को मे/जुन महिनादेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्रीस्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सतओटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो। यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

### १.६.१ योजना निर्माणमा बिभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिएः

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्ः

- The institutional and context study
- The gender equality and social inclusion (GESI) study
- The education external efficiency analysis
- The social impact of education study
- The positive deviance study
- The disability-inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिएः

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

## १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **योजना निर्देशक समिति (ESP Steering Committee)** : बलरा नगरपालिकाको नगर प्रमुख श्री रामशंकर प्रशाद कुशवाहा ज्युको अध्यक्षतामा निर्देशक समितिमा शिक्षा सम्वन्धित पदाधिकारीहरु, आर्थिक प्रशासन शाखा विद्यालय प्राधानाध्यापक जन प्रतिनिधिहरु तथा स्थानिय तहको प्रतिनिधहरु रहेको थियो ।
- 
- **योजना प्राविधिक सल्लाहकार समूह (TAT)**: शिक्षा निति तथा योजना सम्वन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहाकार समुहमा विज्ञ तथा शिक्षाविदको सहभागिता रहेको थियो ।

- **योजना प्राविधिक समिति (ESP Technical Committee)**: शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा नगरपालिका अन्तर्गतका विभागिय निकायहरु तथा अन्तरगतका विभिन्न शाखाका प्रमुखहरु समेत रहेका थिए ।
- **परामर्शदाता समूहहरू (Consultative Teams)**: विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए ।परामर्शदाता समूहहरूका कार्यको संयोजन समन्वय शाखावाट शाखाबाट भएको थियो ।
- **विषयगत अध्ययन समूहहरू (Thematic Teams)**: माथि उल्लेख भएअनुसार नगरपालिकाले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, नगरपालिका तथा सम्वन्धित निकायका सम्बन्धित क्षेत्रको अनुभव भएको कर्मचारीहरू, विकास साझेदार समेत संलग्न भएका ११ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।
- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams)**: नगरपालिकाको सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित नगरपालिकाको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

# परिच्छेद दुई : दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

## २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आगामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच **(Vision)**

"समतामुलक गुणस्तरीय शिक्षा,सक्षम नागरिक " को आकांक्षा पुरा गर्नका लागि एक्काइसौं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यता अनुकुलको सक्षम नागरिक तयार हुने ।

## २.३ ध्येय (Mission)

नेपाली मूल्य र मान्यता सहितको एक्काइसौं शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने ।

## २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।

५. संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।

## २.५ रणनीतिहरू ( Strategies)

१. संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन् ।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ।

६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

७. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

८. अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने छ।

९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने छ ।

११. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्कम कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढगरिने छ ।

२.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।

२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन् ।

३. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने ।

१. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान हुने ।

२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलव्धि हासिल हुने ।
३. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीयलगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध ,रोजगारउन्मुख हुने ।
४. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने ।
५. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत हुने ।

६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने .
७. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।
८. सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने ।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ५८.७ | ६७.१८ | ७९.८१ | ९३.११ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८६.2** | **८९.५** | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ३३.८ | ४०.१६ | ४७.११ | ५६.६८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | **८५.०** | **९५.0** | | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९५.२ | ९५.३४ | ९५.५३ | ९५.७२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९६.9** | **९७.५** | ९९.० | १०० | | |
| २.२ | | स्थानीय | १३९.८ | १२८.८४ | ११८.७४ | १०९.४३ | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ११२.० | १०७.५५ | १०३.३० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.1 | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३५.८ | १२५.१७ | ११५.३६ | १०६.३२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८३.३ | ८७.५९ | ९२.१० | ९६.८५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ७९.३ | ८४.१४ | ८९.२८ | ९४.७३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १७.८ | १२.३५ | ६.७० | ०.८६ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९९.५ | १०३.७६ | १०८.२० | ११२.८४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११७.३ | ११६.११ | ११४.९० | ११३.७१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ७०.१० | ७४.३७ | ७८.९० | ८३.७० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | | स्थानीय | ६७.१ | ७१.४३ | ७६.०३ | ८०.९१ | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.०९ | १.०९ | १.०९ | १.०९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६२.० | ६३.९ | ६३.० | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | | स्थानीय | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधारभूत (कक्षा १-८) | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | ३१ | ३१ | ३१ | ३१ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ४3.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | ११.२ | २२.२४ | ४४.३१ | ८७.८९ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | | २०.० | २९.२३ | ४२.८० | ६२.६७ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | | ४५.१० | ४७.७ | ५४.४ | ६६.९ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | ५९.९० | ६८.५८ | ७८.५२ | ८९.८९ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | स्थानीय | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | प्रदेश | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | | प्रदेश | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | |
| | | | गणित | स्थानीय | | | | | | |
| | | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ४५.८ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५४.४ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ७५.० | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २००:१ | १५०:१ | १३०:१ | १२०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ६८३:१ | ५००:१ | १००:१ | ३००:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | | स्थानीय | | ७९:१ | ७०:१ | ६५:१ | ५५:१ | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १८०:१ | १५०:१ | १२०:१ | ९०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ४२:१ | ४२:१ | ४२:१ | ४२:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३१. प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठै संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर बलरानगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

बलरा नगरपालिकामा हाल २९ वटा बालविकास केन्द्रहरू (पूर्व प्रावि समेत) सञ्चालनमा रहेका छन्। जसमा समुदायमा र विद्यालयमा आधारित बालविकास केन्द्रमा ३ र ४ बर्ष उमेर समूहका

१४२४बालबालिका अध्ययन गरिरहेका छन् । हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नु पर्ने आवश्यकता देखिन्छ । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा २ वा सो भन्दा बढी र कुनै स्थानमा एउटा पनि बालविकास केन्द्र नभएको अवस्था रहेको छ । भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजना, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ । बलरा नगरपालिकाले नगरपालिकाभित्र रहेका बालविकास केन्द्र उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा बालविकास केन्द्रको स्थापना, सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् ।

प्रारम्भिक बालबिकाशका चुनौतीहरू निम्न रहेका छन्

५ वटा न्युनतम न्यूनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तिमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्र/कक्षाहरू जम्मा ५९.९ हुनु

ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या २०.२ हुनु

प्रारम्भिक बालबिकासमा खुद र कुल भर्ना दर ४७.५ र ५८.७ मात्र हुनु

## ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालबिकासमा खुद र कुल भर्ना दर वृद्धि गरेर १०० प्रतिशत बनाउने
२. ECED केन्द्रकक्षाहरूमा/ अध्यापनरत शिक्षकशिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त / गर्नेको सङ्ख्या १०० प्रतिशत बनाउने
३. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
४. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

## ३.१.३ रणनीति

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।
२. कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।
३. विभिन्न लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने ।
४. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
५. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
६. नमुना बालविकास केन्द्रहरु स्थापना गर्ने ।
७. बालविकास सहजकर्तामा महिलालाई प्रथामिकता दिने ।
८. सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।

९. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्रीहरु बाल ,उद्यानको व्यवस्थापन गर्ने ।

१०. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भै प्रारम्भिक बालविकास तथा शिक्षाको लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

## ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

### नतिजा

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | ५८.७ | ५८.७ | ६३.३७ | ६८.४४ | ७३.९१ | ७९.८२ |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र | ३३ | ३३ | ० | ० | ० | ० |
| ३ | ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ३१.९ | ३१.९ | ३६.८० | ४२.४५ | ४८.९६ | ५६.४८ |
| ४ | ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | ECED मा खुद भर्ना दर (Enrolment rate of ४-year old children) | ४७.५ | ४७.५ | ५३.२१ | ५९.५९ | ६६.७४ | ७४.७५ |
| ६ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.८१ | ०.८१ | ०.८१ | ०.८१ | ०.८१ | ०.८२ |
| ७ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ |
| ८ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | १४.२६ | १४.२६ | १८.६४ | २४.३४ | ३१.८७ | ४१.६८ |
| ९ | ECED मा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| १० | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१.८१ | २१.८१ | १७.९१ | १५.१८ | १२.८६ | १०.८९ |

## ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप (उदाहरण) | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको निर्माण | पटक | | १ | | | | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | बाबिके | | | | | | |
| ३. | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | वडा सङ्ख्या | | | | | | |
| ४. | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | सङ्ख्या | ३ | २ | ५ | २ | ४ | १४ | |
| ५. | सबै बाल विकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | वटा | | ५ | ३ | २ | ४ | १४ | |
| ६. | बाल उद्यान | बाबिके | | १ | | | | १ | |
| ७. | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | बाबिके | | ५ | ३ | २ | ४ | १४ | |
| ८. | अभिभावक शिक्षा | सङ्ख्या | | | | | | | |
| ९. | सहजकर्तालाई मन्टेश्वरी तालिम | जना | १० | १० | ५ | २ | २ | २९ | |
| १० | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | केन्द्र | | | | | | | |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चामर प्रविधिमैत्री बनाउने | केन्द्र | | | | | | | |
| १२ | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण त्रैमासिक | पटक | | | | | | | |
| १३ | न्यूनतम पारिश्रमिकको व्यवस्था | सङ्ख्या | २९ | २९ | २९ | २९ | २९ | १४५ | |
| १४ | दिवा खाजा पुनर्ताजगी कार्यक्रम | सङ्ख्या | १० | १० | ५ | ३ | ४ | ३१ | |
| १५ | क्लष्टर बैठक | सङख्या | | | | | | | |
| १६ | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | सङ्ख्या | | | | | | | |
| १७ | ELDS कार्यक्रम संचालन तथा कार्यावन्यन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | घुम्ती बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १९ | एकिकृत प्रारम्भिक बालबिकाश योजना (LIECDP) | पटक | | १ | १ | १ | १ | ४ | |

## प्रारम्भिक बालाबिकासको प्रमुख क्रियाकालापको लागि अनुमानित बजेट (रु हजारमा)

| क.सं. | प्रमुख क्रियाकलाप | बजेट |
|---|---|---|

| | (उदाहरण) | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको निर्माण | | १५० | | | | १५० |
| २. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | | १ | १ | १ | १ | ४ |
| ३. | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | | १ | १ | | | २ |
| ४. | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | १८०० | १२०० | ३००० | १२०० | २४०० | ९६०० |
| ५. | सबै बाल विकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | | ५०० | ३०० | २०० | ४०० | १४०० |
| ६. | बाल उद्यान | | | | | | |
| ७. | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | | २५० | १५० | १०० | २०० | ६५० |
| ८. | अभिभावक शिक्षा | | | | | | |
| ९. | सहजकर्तालाई मन्टेश्वरी तालिम | १०० | १०० | ५० | २० | २० | २९० |
| १०. | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | | | | | | |
| ११. | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चामर प्रविधिमैत्री बनाउने | | | | | | |
| १२. | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण त्रैमासिक | | | | | | |
| १३. | न्यूनतम पारिश्रमिकको व्यवस्था | ५४० | ५४० | ५४० | ५४० | ५४० | २७०० |
| १४. | दिवा खाजा पुनर्ताजगी कार्यक्रम | १०० | १०० | ५० | ३० | ३० | ३१० |
| १५. | क्लष्टर बैठक | | | | | | |
| १६. | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | | | | | | |
| १७. | ELDS कार्यक्रम संचालन तथा कार्यावन्यन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| १८. | घुम्ती बैठक | २०० | २०० | २०० | २०० | २०० | १००० |
| १९. | एकिकृत प्रारम्भिक बालबिकाश योजना (LIECDP) | | १५० | १५० | १५० | १५० | ६०० |

## ३२. आधारभूत शिक्षा

नेपालमा बहुदलीय ब्यबस्थाको पुनःस्थापना पश्चात सरकारी योजानामा नीतिगत रुपमा विद्यालय शिक्षाको पहुँच अभिबृद्धिका लागि उच्च प्राथकिता पाउँदै आएको हुनाले सोको प्रतिफल स्वरुप यस नगरपालिकामा आधारभूत तहको शिक्षामा ८८ प्रतिशत भन्दा बढी आधारभूत शिक्षाको पहुँचमा रहेको देखिन्छ । त्यसकारण यो योजनाले पहुँचलाइू कायम राख्दै गुणस्तर बृदिमा जोड दिइएको छ । विद्यालय शिक्षाको विकासमा भएका विभिन्न प्रयास तथा परियोजनाहरु मध्ये आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा विकास परियोजना, सेती परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सबैकालागि शिक्षा कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना आदि धेरै परियोजनाहरु सन्चालन गरीए जसको प्रमुख लक्ष्य नेपालको शिक्षामा पहुँच अभिबद्धि र शिक्षक ब्यबस्थापनमा तालीम अनिबार्य गरीएको हुनाले आधारभूत तहका शिक्षकहरुलाई ब्यापक तालीमको ब्यबस्था गरियो भने विद्यालयको समग्र भौतिक ब्यबस्थापनलाई पनि उच्च महत्वका साथ भौतिक सँरचनाहरुको समेत उल्लेख्य विकास गरिएको छ। सन २०१५ पछाडी शैक्षिक सुधार र गुणस्तर बृद्धिका प्रयासहरु भएको देखिन्छ । हाल सँचालित विद्यालय क्षेत्र विकास कार्यक्रमले शैक्षिक गुणस्तरलाई जोड दिँदै सँरचनागत रुपमा परिवर्तन गरीएको छ। जस अन्तरगत ४ बर्ष उमेर समूहका लागि प्रारम्भिक वालविकास र शिक्षा, ५ देखि ७ बर्ष उमेर समूहका लागि आधारभूत तह १ (कक्षा १ देखि ३), ८ बर्ष देखि ९ बर्ष उमेर समूका लागि आधारभूत तह २ (कक्षा ४ र ५), १० देखि १२ बर्ष उमेर समूहका लागि आधारभूत तह ३ (कक्षा ६,७ र ८) रहेका छन। यिनै ३ वटा तहलाई नेपालको आधारभूत शिक्षाको तह भनिएको छ । नेपालमा शिक्षा विकासको क्रममा नेपालको संविधान २०७२ को धारा ३१ (१) मा नागरीकको मौलिक हकको रुपमा ब्यबस्था गरीएको छ । सँविधानले सबैका लागि निःशुल्क तथा आधारभूत शिक्षा सुनिश्चित गर्ने प्रत्याभूति गरीएको सन्दर्भमा शिक्षा क्षेत्रको ब्यबस्थापन एवम सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम परिमार्जन आबश्यकता महसुस गरी सँविधानले स्थानीय तहको अधिकारमा बढोत्तरी गरी विद्यालये शिक्षा ब्यबस्थापनमा तिनै तहको अधिकार सुनिश्चित गरी एकल अधिकार र सँघ, प्रदेशको साझा अधिकार भित्र राखिए पनि सबै वालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल वा साझा सूचिका आधारमा तिनै तहका सरकार जिम्मेवार रहेको देखिन्छन । आधारभूत शिक्षाको लक्ष्य ४ बर्ष देखि १२ बर्ष उमेर समूहका सबै वालवालिकालाई विद्यालय प्रवेशको पूर्व तयारी एवम गुणस्तरीय आधारभुत शिक्षामा पहुँच सुनिश्चित गरी तिनको शारीरिक, सामाजिक, सँवेगात्मक, सँज्ञानात्मक, आध्यातमिक तथा नैतिक शिक्षाको विकास गराई जीवनउपयोगी सिप एवम मूल्यमा आधारित सामाजिक साँस्कृतिक विविधताबारे परिचित गराइ अपाङ्कता तथा सिकाइ कठिनाइ भएका वालवालिकालाई शैक्षिक स्तर बृद्धिकालागि सँस्थागत सहयोग आबश्यक पर्ने हुँदा बलरा नगपालिका सामाजिक समिति शिक्षा तथा स्वास्थ्य शाखा बीच समन्वय कायम गर्दै माध्यमिक शिक्षामा प्रबेश गराई आबश्यकता अनुरुप निर्माण गरीएका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्न सबैको समान दायित्व रहनेछ ।

### ३.२.१ वर्तमान अवस्था

नगरपालिकाको शिक्षा शाखामा रहेको तथ्यांक अनुसार यस बलरा नगरपालिकामा जम्मा २५ आधारभूत विद्यालयहरु रहेका छन् ।त्यसैगरी हरेक आवमा आधारभुत तहका विद्यार्थीहरुको सामान्य वृर्दि भएको छ भने भर्नादरमा पनि उल्लेखनीय सुधार आएको देखिन्छ । तर पनि सिकाइ उपलब्धि ६६ प्रतिशत मात्र हुनु र कक्षा ८ र १० मा उल्लेनीय सुधार नहुनुले सिकाइ सुधारको क्षेत्रलाई आवश्यक रहेको देखाउछ। बलरा नगरपालिका अन्तरगतका शैक्षिक सँस्थाहरुमा चुनौतीका रुपमा रहेका सिकाइ हस्तान्तरणमा सर्वशुलभता, पूर्वाधारहरुको समुचित ब्यबस्थापन, समन्यायिकता, सार्वजनिक शिक्षा प्रति चासो र विश्वास सहित आकर्षणमा बृद्धि, विद्यार्थी सङ्ख्याका आधारमा कक्षागत विषयगत रुपमा दरबन्दी मिलान तथा पुनर्वितरण, शैक्षिक सुसाशन उतरदायित्व, ब्यबहारिक, बालमैत्री तथा प्रविधिमा आधारित सिकाइ, विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिका

भर्ना, कक्षा छाडने दर सून्य, अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, सूचना तथा सञ्चारमा आएका नविनतम प्रविधिहरुलाई अबसरको रुपमा ग्रहण गर्न नसक्नु प्रमुख चुनौतीको रुपमा देखिन्छ ।

बलरा नगरपालिकाको शैक्षिक अवस्थाहरुलाई हेर्दा थुप्रै अबसरहरु देखिन्छन ।

**चुनौती तथा अवसरहरुः**

नगरपालिकाले शैक्षिक नीतिमा दीर्घकालिन सोचका साथ शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिँदै सुधारका अनेकौ कार्यक्रमहरु लागु गरीएको, शिक्षका तिनवटै तहका सरकारहरुले साझा अधिकारका क्षेत्रका रुपमा रहेकाले आपसि साझेदारीमा लगानी अभिबृद्धि गरी शिक्षा क्षेत्रमा समयानुकुल परिवर्तन गर्न सकिने, आधारभूत तहमा हाल कार्यान्वयनमा रहेको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विद्यार्थीहरुमा आएको सिकाइ जागरुकता र अभिभावकहरुमा आएको अपनत्वको भावना एवम शिक्षकहरुमा पेसागत सिपमा आएको सिकाइ हस्तान्तरण गर्ने कलाले सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेच्छा बढदै जानु, शैक्षिक सूचकांकहरुको प्रगति सकारात्मक दिशा तिर जानु नगरपालिकाले शैक्षिक कार्य विधि तथा वर्तमान अवस्थाको पाश्र्वचित्र १० बर्षे शैक्षिक योजना निर्माण गरी अघि बढने नीतिले पनि बलराको शैक्षिक उन्नयनका लागि महत्वपूर्ण अबसरहरु रहेका छन ।

कक्षा १ मा कुल र खुद भर्ना दर १३९.८ र ९५.२ हुनु

कक्षा १ मा कुल र खुद भर्ना भएका बालबालिकामध्ये ECED को अनुभब नलिए आएका बालबालिकाको प्रतिशत ६६.२ हुनु

कक्षा(१-५) आधारभूत तहमा कुल र खुद भर्ना दर १३५.८ र ११२.० हुनु

कक्षा(६-८) आधारभूत तहमा कुल र खुद भर्ना दर ८८.१ र ७९.७ हुनु

कक्षा(१-८) आधारभूत तहमा कुल र खुद भर्ना दर ११७.३ र ९९.५ हुनु

आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक १.०९ हुनु

आधारभूततह (कक्षा १-८) मा उमेरगत भर्ना दर ११०.९ हुनु

कक्षा १ जम्मा भर्ना भएका मध्ये कक्षा ५ पुग्ने बालबालिकाको दर ८४.७ हुनु

कक्षा १ जम्मा भर्ना भएका मध्ये कक्षा ५ टिक्ने बालबालिकाको दर ८३.३ हुनु

## ३.२.२ उद्देश्य

१. कक्षा १ मा कुल र खुद भर्ना दर १०० हुने
२. कक्षा १ मा कुल र खुद भर्ना भएका बालबालिकामध्ये ECED को अनुभब नलिए आएका बालबालिकाको प्रतिशत १०० हुने
३. कक्षा आधारभूत तहमा कुल र खुद भर्ना दर (५-१)१०० र १०० हुने
४. कक्षा आधारभूत तहमा कुल र खुद भर्ना दर (८-६)१०० र १०० हुने
५. कक्षा आधारभूत तहमा कुल र खुद भर्ना दर (८-१)१०० र १०० हुने
६. आधारभूततह -कक्षा १)८ को (सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक १.० हुने
७. आधारभूततह -कक्षा १)८( मा उमेरगत भर्ना दर १०० हुने
८. कक्षा १ जम्मा भर्ना भएका मध्ये कक्षा ५ पुग्ने बालबालिकाको दर ९५ हुने
९. कक्षा १ जम्मा भर्ना भएका मध्ये कक्षा ५ टिक्ने बालबालिकाको दर ९५ हुनु
१०. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्नु ।
११. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

१२. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु ।

१३. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने ।
२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।
४. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय सीप प्रबर्द्धन गर्ने ।
५. सबै विद्यालयहरूमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता पुरा गराउने ।
६. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।
७. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।
८. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।
९. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
१०. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने ।
११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।
१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।
१३. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ।
१४. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।
१५. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।
१६. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।
१७. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।
१८. विद्यालयहरुमा बालउद्यानवृक्षारोपण आदि जस्ता का ,करेसाबारी ,फूलबारी ,र्यक्रमहरु समावेश गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह(प्राथमिक कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिका संख्या | | | | | | |
| २. | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | ० | ० | १० | १५ | २० | २५ |
| ३. | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions)पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ४. | विद्यालय नर्शको व्यवस्थापन | ० | ० | ४ | ३ | ५ | १ |
| ५. | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | ० | ० | १ | २ | ३ | ४ |
| ६. | स्थानीय पाठ्यक्र निर्माण भइ कार्यन्वयन भएेका विद्यालय संख्या | | | | | | |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| २. | विद्यार्थीको अनुपातमा शिक्षक भर्ना | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ३. | शिक्षण पेशा विकास तालिम/पूर्णताजगि | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ४. | बालिका लक्षित खेलकुद /मैदान र खेल समाग्रीको व्यवस्थापन | पटक | | ५ | ३ | २ | ५ | १२ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ५. | अपाङ मैत्री भौतिक पूर्वाधारको व्यवस्था | पटक | | २ | ३ | ३ | ४ | १० | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ६. | आधारभूत तहका छात्राहरुको लागि सेनेटरी पैड व्यव्स्थापन (मेसिन) | पटक | १० | १० | ५ | ५ | १ | ३१ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ७. | ग्रिन विद्यालयको व्यवस्थापन | निरन्तर | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ८. | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्ययक्रम | पटक | | १ | १ | १ | २ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ९. | पालिका स्तरीय बालिका लक्षित खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन | पटक | | १ | १ | १ | १ | ४ | | संघ,प्रदेश, नगर र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | गुनासो सुनवाई पेटिकाको व्यवस्थापन | निरन्तर | | १० | १० | १० | १ | ३१ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ११. | बहुभाषिक शिक्षण विधिको संचालन | निरन्तर | | | | | | | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १२. | सुचना तथा प्रविधिको तालिम संचालन | संख्या | | ७ | ७ | ७ | ७ | २८ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १३. | बुक कर्णर र सिकाइ सामाग्रीको व्यवस्थापन | प्रत्यक कक्षा | | १० | ५ | १० | ६ | ३१ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १४. | कक्षागत अभिभावक बैठक गर्ने | निरन्तर | | | | | | | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १५. | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | संख्या | | २ | २ | ३ | २ | ९ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १६. | भौतिक पूर्वधारको व्यवस्थापन | संख्या | | | | | | | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १७. | अनुगमन, मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १८. | ReAL plan को कार्यन्यवन | विधालय | १ | १० | ५ | १० | ५ | ३१ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १९. | स्थानीय पाठ्यक्रमको निर्माण | निरन्तर | | २ | २ | २ | २ | ८ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| २०. | बालिका तथा समाबेशी शिक्षा | निरन्तर | | | | | | | | संघ,प्रदेश, नगर र संघसंस्था |
| २१. | नीति तर्जुमा गर्ने | इकाइ | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| २२. | विद्यालय व्यवस्थापन समितिको गठन र सबलिकरण | निरन्तर | | | | | | | | संघ,प्रदेश, नगर र संघसंस्था |

आधारभूत शिक्षाको प्रमुख क्रियाकलाप संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | विद्यालयनक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | १५० | | | | | १५० | संघ,प्रदेश,नगर र संघसंस्था |
| २. | विद्यार्थीको अनुपातमा शिक्षक भर्ना | ५० | ५० | ५० | ५० | ५० | २५० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३. | शिक्षण पेशा विकास तालिम/पूर्णताजगि | ३८५ | ३८५ | ३८५ | ३८५ | ३८५ | १९२५ | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४. | बालिका लक्षित खेलकुद /मैदान र खेल समाग्रीको व्यवस्थापन | | ५०० | ३०० | २०० | ५०० | १५०० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५. | अपाङ मैत्री भौतिक पूर्वाधारको व्यवस्था | | ११००० | १६५०० | १६५०० | २२००० | ६६००० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६. | आधारभूत तहका छात्राहरुको लागि सेनेटरी पैड व्यव्स्थापन (मेसिन) | १५०० | १५०० | ७५० | ७५० | १५० | ४६५० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७. | ग्रिन विद्यालयको व्यवस्थापन | | ३०० | | | | ३०० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ८. | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्ययक्रम | | १० | १० | १० | १० | ४० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ९. | पालिका स्तरीय बालिका लक्षित खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन | | ४०० | ४०० | ४०० | ४०० | १६०० | संघ,प्रदेश,नगर र संघसंस्था |
| १०. | सुचना तथा प्रविधिको तालिम संचालन | | २१०० | २१०० | २१०० | २१०० | ८४०० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ११. | बुक र्कणर र सिकाइ सामाग्रीको व्यवस्थापन | | १०० | ५० | १०० | ५० | ३०० | संघ,प्रदेश,नगर र संघसंस्था |
| १२. | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | | १५० | १५० | २१० | ७५ | ५८५ | संघ,प्रदेश,नगर र संघसंस्था |
| १३. | अनुगमन, मूल्याङ्कन | ३० | ३० | ३० | ३० | ३० | १५० | संघ,प्रदेश,नगर र संघसंस्था |
| १४. | ReAL plan को कार्यन्यवन | | १००० | ५०० | १००० | ५०० | ३००० | संघ,प्रदेश,नगर र संघसंस्था |
| १५. | नीति तर्जुमा गर्ने | | ५० | | | | ५० | संघ,प्रदेश,नगर र संघसंस्था |

## ३३. माध्यमिक शिक्षा

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । यसरि गुणस्तरिय शिक्षा सुनिश्चितताका लागि संविधानले तीनै तहलाई जिम्मेवार बनाउने स्पष्ट मार्गनिर्देशन कोरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा राखेको छ । बलरा नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिपमूलक, निःशुल्क, वालमैत्री, र समावेशी गराउने नीती अख्तियार गर्नुपर्दछ। विद्यालय शिक्षाअन्तर्गत कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यवसायिक र परम्परागत गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । गुरुकुल, गोन्पा विहार, मदर्सा, मुन्धुम लगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटिएको छ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुने ब्यवस्था छ । यस तहको मुख्य उदेश्य मुलक र प्रदेशको आवश्यकता अनुरुप प्रारम्भिक स्तरको दक्ष जनशक्ति उत्पादन गर्नु रहेको छ। यस तहको १५ सिकाइ सक्षमताहरुमा मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह, दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग, प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान, व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास, गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग, व्यावहारिक गणितीय ज्ञान र सिपको बोध र प्रयोग, वैज्ञानिक ज्ञान, तथ्य, सिद्वान्त र प्रविधिको समुचित प्रयोग, जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगीको प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन, स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता, प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन, वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग, श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वासका साथ तयारी, प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास, प्रयोग तथा उच्च तहमा अध्ययनको आधार विकास गर्ने रहेका छन् ।

### ३.३.१ वर्तमान अवस्था

बलरा नगरपालिका भित्र हाल ६ माध्यमिक विद्यालयहरु रहेका छन। कक्षा १-१० सञ्चालित सामुदायिक विद्यालयको संख्या ६ वटा रहेको छ भने १-१० सञ्चालित संस्थागत विद्यालयहरु एउटा पनि छैन ।यस नगरपालिका भित्र व्यवसायिक धारका विद्यालय १ संख्या रहेको छ ।समग्रमा हेर्दा १५०४ बालबालिकाहरु सामुदायिक माध्यमिक विद्यालयहरुमा छन्। लिंगको आधारमा हेर्दा समग्र विद्यालयमा सामुदायिक तर्फ छात्राको प्रतिशत बालबालिकाहरु भर्ना छन् ।

**अवसर तथा चुनौतिहरु**

विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ। शिक्षण सिकाई विधि सुधारका लागि सम्पुर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ ।

संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र.अ.को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गरेको पाईदैन । विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन। सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्यकता छ । राम्रो नेतृत्व भएको प्रध्यानाध्यापको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि कम रहेको छ र विद्यालयहरुले नीजि स्रोतबाट शिक्षकको व्यवस्थापन गर्नुपर्ने वाध्यता छ ।

उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छनः

माध्यमिक तह कक्षा(९-१२)को कुल र खुद भर्ना दर २०र११.२ हुनु

कक्षा १मा भर्ना भएका जम्मा बिद्यार्थी मध्य कक्षा १० पुग्ने दर ५९.९ हुनु

कक्षा १मा भर्ना भएका जम्मा बिद्यार्थी मध्य कक्षा १० पुरा गर्ने दर ५५.२ हुनु

कक्षा १मा भर्ना भएका जम्मा बिद्यार्थी मध्य कक्षा १० टिक्ने दर ६३.६ हुनु

निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र पहुँच योग्य बनाउने ।

• सबै किसिमका वालवालिकालाई समतामुलक पहुँच सुनिश्चित गर्ने।

• माध्यमिक तहमा प्राविधिक र व्यवसायिक शिक्षालाई व्यवस्थित गर्ने ।

सुचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने।

• विषयगत दरबन्दिको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्था गर्ने ।

सिकाईको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलव्धिमा सुधार ल्याउने ।

• शिक्षकको वृत्ति विकासलाई व्यवस्थित गर्ने।

• विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति उत्थानशिल बनाउने ।

• विद्यालय शिक्षालाई विविधताअनुकुल, समावेशी र समतामुलक बनाउने ।

• भौगोलिक तथा आर्थिक रुपले विद्यालय छोड्ने वालवालिकाका लागि छात्रावासको निर्माण गर्ने ।

• माध्यमिक तहसम्मको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्ने

• प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने

कक्षा १० उतिर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउने

सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने

• सिकाईको गुणस्तर सुधार गरी सिकारु सिकाईमा सुधार ल्याउने

• शिक्षकको पेशागत वृति विकास गर्ने

• विषयगत शिक्षक दरवन्दिको व्यवस्थापन गर्ने

### ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु।

४. माध्यमिक तहको कुल र खुद भर्ना दर बढाउने

५. माध्यमिक तहको टिकाउ दर ८० पुगाउने

६. माध्यमिक तहको तह पुरा गर्ने दर ८५ बनाउने

### ३.३.३ रणनीति

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. विद्यालय वाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।
६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।
७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।
९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।
१०. विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।
११. कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने ।
१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।
१३. आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

## ३.३.४ प्रमुख उपलब्धि तथ नतिजा

### उपलब्धि

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

### नतिजा

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) | ३०.७ | ३०.७ | ३७.२ | ४५.०१ | ५४.४६ | ६५.९० |
| २. | माध्यमिकतह (कक्षा ९-१०) मा कुल भर्ना दर (GRE) | २१.२ | २१.२ | २५.६२ | ३१.० | ३७.५१ | ४५.३९ |
| ३. | माध्यमिकतह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) | १८.९ | १८.९ | २३.६० | २९.५४ | ३६.८८ | ४६.१० |
| ४. | माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर (NER) | ७.६ | ७.६ | ९.५४ | ११.९३ | १४.९१ | १८.६४ |
| ५. | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | २०.० | २०.० | २४.१६ | २९.२३ | ३५.३७ | ४२.८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | ११.२ | ११.२ | १५.७७ | २२.२४ | ३१.३५ | ५४.२१ |
| ७. | माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ |
| ८. | माध्यमिकतह (कक्षा ९-(१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | ०.८० | ०.८० | ०.८१ | ०.८१ | ०.८१ | ०.८१ |
| ९. | माध्यमिकतह (कक्षा १-१२) मा उमेरगत भर्ना दर (ASER) | ४५.५ | ४५.५ | ४५.८१ | ४६.१६ | ४६.५२ | ४६.८७ |
| १०. | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade १०) | ५९.९ | ५९.९ | ६४.०९ | ६८.५८ | ७३.३८ | ७८.५२ |
| ११. | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर (Retention Rate at the end of Grade १०) | ६३.६ | ६३.६ | ६५.८ | ६८.०८ | ७०.४३ | ७२.८७ |
| १२. | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिक त्तह (कक्षा १-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G१-१०) | ५५.२ | ५५.२ | ५६.९५ | ५८.७६ | ६०.६२ | ६२.५५ |
| १३. | माध्यमिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ |
| १४. | माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ |
| १५. | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ |
| १६. | माध्यमिकतह (कक्षा ९-१०) मा दलित बिध्यर्थिको प्रतिशत | १३.२ | १३.२ | १५ | १६ | १८ | २० |
| १७. | माध्यमिकतह (कक्षा ११-१२) मा दलित बिध्यर्थिको प्रतिशत | १०.९ | १०.९ | ११ | १२ | १३ | १३ |
| १८. | माध्यमिकतह (कक्षा ९-१२) मा दलित बिध्यर्थिको प्रतिशत | १२.६ | १२.६ | १४ | १५ | १६ | १८ |
| १९. | आधारभूततह (कक्षा ९-१०) का बिद्यार्थीहरूमध्ये छात्रवृत्ति पाउनेको प्रतिशत | ९६.० | ९६.० | | | | |
| २०. | कक्षा १० मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | ६३.० | ६३.० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१. | माध्यमिक तहमा (कक्षा ९-१०) अध्ययनरत बिद्यार्थीहरुमध्ये शैक्षिक सत्र शुरू भएको दोस्रो हप्ता भित्रमा पुरा सेट पाठ्यपुस्तक प्राप्त गर्ने बिद्यार्थीको प्रतिशत | ९०.० | ९०.० | | | | |
| २२. | सामुदायिक माध्यमिक बिद्यालयहरूमध्ये कक्षा ९-१० सम्मको अध्यापनको लागि ३ वटा Core Subject:-Maths, Science and English र ५ वटा अनिबार्य बिषयको बिषयगत शिक्षक पूरा गर्ने बिद्यालयहरूको सङ्ख्या | ७ | ७ | | | | |
| २३. | सामुदायिक माध्यमिक बिद्यालयहरूमध्ये कक्षा ९-१० सम्मको अध्यापनको लागि ३ वटा Core Subject:-Maths, Science and English र ५ वटा अनिबार्य बिषयको बिषयगत शिक्षक पूरा गर्ने बिद्यालयहरूको सङ्ख्या | २ | २ | | | | |

## ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| २. | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | १ | | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ३. | अति सिमान्तकरत,सिमान्तकृत,दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ४. | विद्यालयमा यातायातको व्यवस्था | सङ्ख्या | | | | ५ | २ | ७ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ५. | माध्यमिक तहसम्म दिवा खाजा विस्तार कार्यक्रम सञ्चालन | विद्यालय | | | ६ | ६ | ६ | १८ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ६. | सिकाइ क्षति परिपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | विद्यालय | २० | १५ | २० | १५ | २० | ९० | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ८. | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | विद्यालय | | १ | १ | १ | १ | ४ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ९. | बालक्लव,जुरेस, स्काउटको ट्रुप,बालसञ्चाल गठन | विद्यालय | | २० | | ११ | | ३१ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १०. | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी,शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | सङ्ख्या | ८० | ५० | ५० | ५० | ५० | २८० | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ११. | भौतिक संरचना नियमित मर्मत, सम्भार ,निर्माण र विषयगय प्रयोगशाला आदिको व्यवस्थापन | विद्यालय | | १ | १ | | १ | | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १२. | तहगत इन्चार्जको क्लष्टर बैठक | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १३. | प्र.अ र शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १४. | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १५. | सहभागीतामूलक र नतीजामूलक अनुगमन र मूल्याङ्कन | विद्यलय | ६ | ७ | ७ | ७ | ७ | ३४ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १६. | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसरको सृजान | विद्यालय | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १७. | प्राविधिक धारको विद्यालयको लागि अनुदान | विद्यालय | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |

## माध्यमिक शिक्षाको प्रमुख कार्यक्रमहरु संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | कैफियत |
|---|---|---|---|

| | | २०८१ /८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| १. | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | ५० | ५० | ५० | ५० | ५० | २५० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| २. | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | ३०० | | | | | ३०० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ३. | अति सिमान्तकरत,सिमान्तकृत,दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | १८०० | १८०० | १८५० | १८५० | १९०० | ७४५० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ४. | विद्यालयमा यातायातको व्यवस्था | ० | ० | ० | २५०००० | १०००० | २६००००० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ५. | माध्यमिक तहसम्म दिवा खाजा विस्तार कार्यक्रम सञ्चालन | ० | ० | ७०० | ७०० | ७०० | २१०० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ६. | सिकाइ क्षति परिपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ७. | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | ७० | ७० | ७० | ७० | ७० | ३५० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ८. | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | ० | ४१६ | ४१६ | ४१६ | ४१६ | १६६४ | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ९. | बालक्लव,जुरेस, स्काउटको ट्रुप,बालसञ्चाल गठन | ० | २०० | ० | ११० | ० | ३१० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| १०. | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी,शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | ० | २२५ | २२५ | २२५ | २२५ | ९०० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ११. | भौतिक संरचना नियमित मर्मत, सम्भार ,निर्माण र विषयगय प्रयोगशाला आदिको व्यवस्थापन | ० | १५०० | १५०० | ० | १६०० | ४६०० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| १२. | तहगत इन्चार्जको क्लष्टर बैठक | १०० | १०० | १०० | १०० | १०० | ५०० | संघ,प्रदेश ,नगर र संघसंस्था |
| १३. | प्र.अ र शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | १० | १० | १० | १० | १० | ५० | संघ,प्रदेश ,नगर र संघसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४. | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | १७५ | १७५ | १७५ | १७५ | १७५ | ८७५ | संघ,प्रदेश,नगर र संघसंस्था |
| १५. | सहभागीतामूलक र नतीजामूलक अनुगमन र मूल्याङ्कन | ६० | ६० | ७० | ७० | ७० | ३३० | संघ,प्रदेश,नगर र संघसंस्था |
| १६. | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसरको सृजान | ० | १००० | ० | ० | ० | १००० | संघ,प्रदेश,नगर र संघसंस्था |
| १७. | प्राविधिक धारको विद्यालयको लागि अनुदान | ० | १५०० | ० | ० | ० | १५०० | संघ,प्रदेश,नगर र संघसंस्था |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१ वर्तमान अवस्था

शिक्षा कोक्रोबाट शुरु भएर चिहानमा पुगेर अन्त्य हुन्छ । कुनैपनि मानिस जन्मिएपछि नमरुन्जेलसम्म अनौपचारिक अनियमित हुदै औपचारिक प्रक्रियाबाट जिवन जगत र वातावरणसँग समयानुकुल विभिन्न अनुभवहरु हासिल गरी नयाँ नयाँ ज्ञानसिप सिकिरहेको हुन्छन। निश्चित उमेर समुहले समयको परिधिभित्र रहि निश्चित विषयबस्तु र निश्चित स्थानमा लिइएको औपचारिक ज्ञानसिपलाई मात्र सिकाई मान्ने हाम्रो चलन रहेको छ। तर मानिसले हर समय केहि न केहि कुरा सिकिरहेको हुन्छ र मानिस जीवनभर नयाँ नयाँ ज्ञान सिपको खोजिमा रहन्छ। यसरि जिवनभरको सक्रियतापुर्ण सिकाईलाई ब्यवहारिक बनाउनको लागि समृद्द र सभ्य समाजको निर्माणका लागि औपचारिक तथा निरन्तर सिकाई आवश्यक छ। विविध कारणले औपचारिक शिक्षाको मुल प्रवाहबाट वञ्चित भएका मानिसलाई जीवनपर्यन्त सिकाईका लागि बलरा नगरपालिकाले अनौपचारिक शिक्षा तथा निरन्तर सिकाईलाई नगर शिक्षा योजना २०८१-२०९० मा प्राथमिकतामा राखेको छ । अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननि हो, तसर्थ जीवनउपयोगी ज्ञान र सीप हासिल गर्नको लागि औपचारिक र अनौपचारिक शिक्षाको आवश्यकता पर्दछ। निश्चित समय सिमाभित्र सिकेका ज्ञानले मानिसको जिवनलाई सार्थक बनाउन सक्दैन । समुदायमा बसोबास गरेका विभिन्न उमेर, योग्यता क्षमता भएका हरेक अन्तरनिहित प्रतिभाहरुको माध्यमबाट समेत अनौपचारिक शिक्षा हासिल गर्न सकिन्छ र उक्त शिक्षा हासिल गर्न राज्यले नै लगानि गरेको हुन्छ ।

### ३.४.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.३ रणनीति

१. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।
२. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने ।

३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।

४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।

५. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।

६. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्।

### नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथि) * (%) | ४५.८ | ४५.८ | ५२ | ५९ | ६४ | ७० |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप(१५वर्ष भन्दा माथिका महिला) (%) | ३५ | ३५ | ३७ | ४० | ४३ | ४५ |
| ३ | आधारभूत सुविधासम्पन्न सामूदायिक सिकाइ केन्द्रको सँख्या | १ | १ | १ | १ | १ | १ |
| ४ | सामूदायिक पुस्तकालयको सँख्या | ० | ० | १ | ३ | ४ | ५ |

## ३.४.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | निरक्षरहरुको विवरण संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| २. | साक्षर बलरा | वडागत | | ११ | | | | ११ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ३. | विज्ञ समूह निर्माण | पटक | | | | | | | | संघ,प्रदेश, नगर र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | ३ | २ | ३ | २ | १० | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ५. | परिचालकको क्षमता विकास | संख्या | | १<br>१ | | | | ११ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ६. | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य संघ-संस्थाहरूसँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | पटक | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ७. | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | पटक | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ८. | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | पटक | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ९. | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | पटक | १ | १ | | | | २ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १० | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | पटक | | | | १ | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ११ | अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | पटक | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १२ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | पटक | | १ | | | | १ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| १३ | बैकल्पिक कार्यक्रम मार्फत बिधालयमा पुन: भर्ना भएका बालबालिका तथा किशोरकिशोरी कार्यक्रम संचालन | पटक | | १ | १ | १ | १ | ४ | | संघ,प्रदेश, नगर र संघसंस्था |

## कार्यक्रम संचालनका लागि अनुमानित बजेट (रु.हजारमा)

| क्रसं | प्रमुख क्रियाकलापहरू | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | निरक्षरहरुको विवरण संकलन | २०० | २०० | २०० | २०० | २०० | १००० | संघ,प्रदेश,नगर र संघसंस्था |
| २. | साक्षर बलरा | | ६०० | | | | ६०० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३. | विज्ञ समूह निर्माण | पटक | | | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४. | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | १०० | १२० | १३० | १५० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५. | परिचालकको क्षमता विकास | संख्या | | २५० | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६. | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य संघ-संस्थाहरूसँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | पटक | | १०० | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७. | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | पटक | | १०० | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ८. | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | पटक | | १०० | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ९. | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | पटक | १ | १५० | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| १०. | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | पटक | | | | ३०० | | संघ,प्रदेश,नगर र संघसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | पटक | | १५० | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| १२. | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | पटक | | १०० | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| १३. | बैकल्पिक कार्यक्रम मार्फत बिधालयमा पुनः भर्ना भएका बालबालिका तथा किशोरकिशोरी कार्यक्रम संचालन | | | २५० | २५० | २५० | २५० | संघ,प्रदेश,नगर र संघसंस्था |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो । मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित पठन सीप परिक्षण, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन, NARN, NASA रहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ । साथै सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था जस्तै विद्युतीय प्रति CEHRD को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १-३ का लागि दिइएका सामग्री आदि रहेका छन् ।

### ४.१.१ वर्तमान अवस्था

बलरा नगरपालिकामा हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागु गरीदै आएको व्यहोरा सर्वविदितै छ । शैक्षिक सत्र २०७७ सालदेखि आधारभूत तह १-५ मा स्थानीय विषयको पाठ्यक्रम विकास गरी लागु गरिने र शैक्षिक सत्र २०७८ देखि कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम विकास गर्ने सोच रहेको छ । स्थानीय विषयले यस नगरपालिकाको समग्रता झल्काउन मद्धत पुर्याई बालबालिकालाई आफ्नो पालिकासँग परिचित हुन सहयोग पुर्याउदछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरीएको, व्यवहार कुशल तथा जीवनोपयोगी सिपहरु समावेश हुनेगरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, जातजाति, धर्म, परम्परा भाषा, इतिहास, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप गर्नुपर्ने व्यवस्था गरीएकोमा बलरा नगरपालिकाले सो कुरालाई मध्यनजर गर्दै अगाडी बढेको छ । आधारभूत तह कक्षा १-३ मा निरन्तर मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति, आधारभूत तह ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन प्रणली अपनाइएको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ५ र ८ को वार्षिक परीक्षा पालिकास्तरीय हुने गरेको छ भने कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

३.४.३ अवसर तथा चुनौतिहरु

- प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा र बहुभाषाको प्रयोग
- स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि क्षमता विकास
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग, उपयोग
- अपाङ्गतामैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग
- स्थानीय पाठ्यक्रमको कार्यान्वयन
- शिक्षक निर्देशिकाको वितरण र प्रयोग

त्यसैगरी यस क्षेत्रमा विभिन्न अवसरहरु पनि रहेका छन् । कक्षा १-३ मा पठनसीप सीप सम्बन्धि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको विकास वितरण तथा प्रयोग हुदै आउनु स्थानीय पाठ्यक्रमको विकास प्रक्रिया अगाडी बढ्नु र समयमा नै पाठ्यपुस्तकहरु प्राप्त हुनु रहेका छन् ।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

### ४.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने ।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने ।

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।
६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गर्ने ।
७. विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने ।
८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
९. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।
१०. स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
११. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई प्राथमिकताका साथ समावेश गर्ने ।
१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
१३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

#### नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| २. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ३. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ४. | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ३ | ३ | ५ | ७ | ८ | ९ |
| ५. | स्थानीय तहबाट कक्षा १-३ सम्मको एकीकृत पाठ्यक्रममा आधारित भइ कक्षा १-३ का बिद्यार्थीहरूको पढाई र गणितीय सक्षमता अभिवृद्धी गर्नका लागि सन्चालन गरिएका क्रियाकलापहरू (शिक्षक निर्देशिका, तालिम, | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अतिरिक्त सिकाई सामाग्रीहरु र गणितीय सिकाई सामग्रीहरूको प्रयोग) | | | | | | |
| ६. | माध्यमिकतहमा (कक्षा ९-१०) अध्ययनरत बिद्यार्थीहरुमध्ये शैक्षिक सत्र शुरू भएको दोस्रो हप्ता भित्रमा पुरा सेट पाठ्यपुस्तक प्राप्त गर्ने बिद्यार्थीको प्रतिशत | ९० | ९० | १०० | १०० | १०० | १०० |

## ४.१.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २. | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | पटक | | १ | | | | १ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३. | स्थानीय पाठ्यक्रम परीक्षण | पटक | | | १ | | | १ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४. | स्थानीय पाठ्यक्रम कार्यान्वयन | पटक | | | | १ | १ | २ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५. | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमाः- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | संख्या | | १ | १ | १ | १ | ४ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६. | संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | पटक | | | | १ | १ | २ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७. | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ८. | Digital सामाग्रीहरुको कार्यन्वयन ( विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट विद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e–library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | | | १ | १ | १ | ३ | | संघ,प्रदेश,नगर र संघसंस्था |

**पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनको प्रमुख कार्यक्रम संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)**

| क.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन ( तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | ४५० | ४६० | ४७० | ४८० | ५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २. | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ० | २६० | ० | ० | ० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३. | स्थानीय पाठ्यक्रम परीक्षण | ० | ० | ६५० | ० | ० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४. | स्थानीय पाठ्यक्रम कार्यान्वियन | ० | ० | ० | १५०० | १५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५. | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने ( जसमाः- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | ० | ४३० | ४३० | ४५० | ४५० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६. | संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने ( बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | ० | ० | १३०० | १४५० | १५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७. | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री | २५० | २५० | २८० | ३०० | ३७० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ८. | Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e–library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | ५०० | ५५० | ६०० | ६६० | ७०० | | संघ,प्रदेश,नगर र संघसंस्था |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षकलाई शिक्षाका लक्ष्य एवम् उद्देश्य हासिल गर्न तथा शिक्षा योजनालाई कार्य रूपमा बदल्ने अनिवार्य मानवीय स्रोतका लिनु पर्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष, पेशा प्रति उत्प्रेरित, समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ । शिक्षामा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र दक्षता र नमुना व्यक्तित्व प्रदर्शन र विद्यार्थीहरूको सिकाइमा सकरात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरुरी हुन्छ। शिक्षक व्यवस्थापन र विकासले शिक्षकको प्राप्ति, शिक्षक विकास, शिक्षकको समुचित उपयोग र शिक्षक सम्भार लगायतका विस्तृत पक्षहरू समेटेको हुन्छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समानता, सान्दर्भिकता, सुशासन प्रवर्द्धनका लागि विगतमा संचालित विभिन्न योजना परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई प्राथमिकता राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक सेवामा प्रवेश गर्नको लागि उपयुक्त जनशक्ति तयार पार्ने काम विश्वविद्यालय तथा विद्यालयहरूले गरीरहेका छन् । शिक्षक सेवामा प्रवेश गर्नका लागि आवश्यक पर्ने अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा संचालन गर्ने, नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षकसेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भइआएका शिक्षकहरूलाई नियुक्त गरी पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन्। अस्थायी तथा करारमा शिक्षक नियुक्ति भने सम्वन्धित विद्यालय वा स्थानीय तहबाट हुने गरेको छ । विद्यालयको निजी स्रोतका शिक्षक नियुक्ति गर्ने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य सम्वन्धित विद्यालयहरूले गर्दै आएका छन् । यसका अलावा शिक्षक दरवन्दी कम भइ पठनपाठमा प्रतिकूल प्रभाव परेका विद्यालयको हकमा स्थानीय तहहरूले आफ्नैले स्रोत व्यहोर्ने गरी शिक्षक नियुक्ति गरेका छन् । राष्ट्रिय रूपमा शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम, पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार पार्ने कार्य र प्रशिक्षक तयार पार्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिबृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् । यसका अलावा स्थानीय तहहरूले समेत शिक्षक सहायता, शिक्षकको क्षमता अभिवृद्धि लगायतका क्षेत्रमा कार्य गर्दै आएका छन् यस योजनामा शिक्षाको गुणस्तर अभिबृद्धिका कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जीम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरूको पहिचान गरीएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरीएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रमका उद्देश्य, उद्देश्य प्राप्तिका लागि अपनाउने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतीजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरीएको छ ।

### ४.२.१ वर्तमान अवस्था

बलरा नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा भएको शिक्षक वितरण र आपुर्तिलाई हेर्दा सामूदायिक विद्यालयमा बालविकास सहयोगी कार्यकर्ता सहित गरी जम्मा ३३ जना शिक्षक दरबन्दी कायम रहेका छन । यसका अतिरिक्त उपरोक्त सामूदायिक विद्यालयमा १६०जना विद्यालय कर्मचारीहरू समेत कार्यरत रहेका छन । तहगत रूपमा हेर्दा EMIS २०८१ अनुसार बलरा नगरपालिक क्षेत्र भित्र ८९१ जना

बालबालिकाहरु बालविकास तहमा अध्ययनरत रहेका छन भने ३३ जना बालविकास सहयोगी कार्यकर्ताहरू कार्यरत छन । जस अनुसार बालविकास तहमा शिक्षक विद्यार्थी अनुपात २७ रहेको छ। एवम् प्रकारले आधारभूत तह (कक्षा १-५) मा जम्मा ६७९३ जना विद्यार्थी अध्ययनरत रहेका छन भने सोही तहमा कार्यरत शिक्षकको सङ्ख्या १०१ रहेको छ। जस अनुसार कक्षा १-५ को शिक्षक विद्यार्थी अनुपात ६७.२५रहेको छ । त्यसै गरी आधारभूत तह (कक्षा ६-८) मा अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या ३४१६ रहेको छ भने सोही तहमा कार्यरत शिक्षक सङ्ख्या २७ रहेको छ। यस तथ्याङ्क अनुसार आधारभूत तह (कक्षा ६-८) मा शिक्षक विद्यार्थी अनुपात १२६.८८ रहेकोछ। माध्यमिक तह (कक्षा ९ र १०) मा जम्मा १०८१ विद्यार्थी अध्ययनरत रहेकोमा सोही तहमा कार्यरत शिक्षकहरूको सङ्ख्या २६ रहेको छ । जस अनुसार माध्यमिक तह (कक्षा ९ र १०) मा शिक्षक विद्यार्थी अनुपात ४१.५७ रहेको छ। माध्यमिक तह (कक्षा ११ र १२) मा अध्ययनरत विद्यार्थी सङ्ख्या ४२३ रहेकोमा सोही तहमा कार्यरत शिक्षक सङ्ख्या जम्मा ६जना मात्र रहेको छ । जस अनुसार सो तहमा शिक्षक विद्यार्थी अनुपात ७०.५ रहेको छ ।

### ४.२.२ उद्देश्य

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।

### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

## नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |

## ४.२.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | स्वयम् सेवक शिक्षक तयारी | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| २. | एक विद्यालय एक पुस्तकालय आ वि र मा वि | संख्या | | १ | १ | १ | १ | ४ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ३. | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | १ | १ | १ | ४ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ४. | बाल विकास सहजकर्ताको लागि ५ कार्यदिने तालिम | संख्या | | २९ | | | | २९ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ५. | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने र शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्बितरण र समायोजन) | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ६. | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी बिषयको बिषयबस्तुहरुको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | संख्या | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ७. | ECED र सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशिक्षक १० दिने प्रशिक्षण तालिम (TOT) | संख्या | | १०० | | १०० | | २०० | | संघ,प्रदेश, नगर र संघसंस्था |
| ८. | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | | १ | | १ | | २ | | संघ,प्रदेश, नगर र संघसंस्था |

**शिक्षक व्यवस्थापन र विकासको प्रमुख कार्यक्रम संचल गर्न अनुम्मनित बजेट (रु.हजारमा)**

| क्रसं | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | स्वयम् सेवक शिक्षक तयारी | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | संघ,प्रदेश, नगर र संघसंस्था |
| २. | एक विद्यालय एक पुस्तकालय आ वि र मा वि | | २०० | २०० | २०० | २०० | ८०० | संघ,प्रदेश, नगर र संघसंस्था |
| ३. | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | १०० | १०० | १०० | १०० | १०० | ५०० | संघ,प्रदेश, नगर र संघसंस्था |
| ४. | बाल विकास सहजकर्ताको लागि ५ कार्यदिने तालिम | | १५० | | | | १५० | संघ,प्रदेश, नगर र संघसंस्था |
| ५. | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने र शिक्षक योग्यता र वितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन ( पुनर्बितरण र समायोजन) | | ५० | ५० | ५० | ५० | २०० | संघ,प्रदेश, नगर र संघसंस्था |
| ६. | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी बिषयको बिषयबस्तुहरुको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | १०० | १०० | १०० | १०० | १०० | ५०० | संघ,प्रदेश, नगर र संघसंस्था |
| ७. | ECED र सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशिक्षक १० दिने प्रशिक्षण तालिम (TOT) | | १०० | | १०० | | २०० | संघ,प्रदेश, नगर र संघसंस्था |
| ८. | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | | १५० | | १५० | | ३०० | संघ,प्रदेश, नगर र संघसंस्था |

## ४.३ शैक्षिक समता र समावेशीकरण

सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा धार्मिक, भाषिक, जातीय, लैङिगक, अपाङ्गता भएका, आर्थिक रुपले विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दे आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ। प्रत्येक बालबालिकाको शैक्षिक अधिकार प्राप्तिका लागि समतामुलक पहुँच भएको शिक्षा प्रणली नै समावेशी शिक्षा हो। बालबालिकाहरुमा भएका विविधताको आधारमा सबैका लागि अनुकुल हुने सिकाइ पद्धति विकास गर्नु र सबै बालबालिकालाई सम्मानपूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको मुल मर्म हो। सामाजिक, आर्थिक स्थिति, लैङिगकता, भाषा, जातजाति, भौगोलिक अवस्थिति तथा विभिन्न प्रकारका अपाङ्गताका आधारमा गुणस्तरीय शिक्षाको अवसर, पहुँच र उपलब्धीमा रहेको असमानतालाई निराकरण गरी पूर्ण समानताको स्थितिमा ल्याउनका लागि अवलम्बन गरीने उपाय वा थप अवसर नै समता हो। कतिपय बालबालिकाहरु भौगोलिक, आर्थिक, सामाजिक, भाषिक तथा अपाङ्गताको कारणले

विद्यालयको पहुँचमा आउन सकेका छैनन् । यस्तो अवस्थालाई सम्बोधन गर्न विशेष व्यवस्था गरी शिक्षा प्रणालीको मूल धारमा समावेश गर्नुपर्ने देखिन्छ । अपाङ्गता भएका बालबालिकाहरुले पहुँच, सहभागिता तथा सिकाई उपलब्धिमा सबैभन्दा बढी चुनौतीको सामना गर्नु परीरहेको छ।

### ४.३.१ वर्तमान अवस्था

बलरा नगरपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक नगरपालिका हो। यहाँ लिंगको आधारमा महिलाको जनसंख्या पुरुषको भन्दा कम छ। ब्राम्हण, क्षेत्री तथा यादव समुदायको तुलनामा दलित, जनजाती तथा अन्य जातजातिको शैक्षिक अवस्था तुलनात्मक रुपमा कमजोर देखिन्छ । विद्यालयहरुमा छात्राहरुको सहभागीता उत्साहजनक रहेको छ। भाषिकरुपमा नेपाली भाषा बाहेकका अन्य मातृभाषा भएका बालबालिकाहरुमा भाषिक असक्षमता हुने र सिकाइ ढिलो हुने समस्या उत्पन्न हुन्छन् । साथै अपाङ्गता भएका बालबालिकाहरुका निम्ति शैक्षिक पहुँच र गुणस्तरमा झन जटिल समस्या देखिएको छ। विद्यमान अवस्थामा शिक्षामा समतामुलक पहुँच पुर्याउन यस नगरपालिकाबाट केही प्रयासहरु भएता पनी पर्याप्त मात्रामा सम्बोधन हुनसकेको छैन । विद्यालय बाहिर रहेका, विचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विविधताको सम्मान गर्दै शिक्षामा सबैको पहुँच पुर्याई सहभागितामुलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरुलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरुलाई सम्बोधन गर्न यो योजना केन्द्रित रहेको छ ।

समावेशी शिक्षाको उदेश्य परिपुर्ति गर्नको लागि निम्नलिखीत अवसर तथा चुनौतिहरु रहेका छन् :

• विद्यालयहरुमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण नहुनु,
• विद्यालयमा बालमैत्री शैक्षिक पद्धति पूर्णरुपमा कार्यान्वयन नहुनु,
शिक्षाका अवसरबाट वञ्चित वर्गहरुको शिक्षामा समतामुलक पहुँच नपुग्नु,
• सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षामा पहुँच नहुनु,
• स्थानीय स्तरमा विशेष विद्यालय तथा स्रोतकक्षाको पर्याप्त सुवीधा नहुनु,
मातृभाषामा शिक्षा प्रदान गर्ने पर्याप्त व्यवस्था नहुनु,

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.३ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गर्ने ।
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।
३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।

४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।
६. आाधारभूत तहमा मातृभाषास्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सि ,काइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।
७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।
८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

## ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

### नतिजा

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचक (GPI in ECED GER) | ०.८१ | ०.८१ | ०.८१ | ०.८२ | ०.८२ | ०.८२ |
| २. | ECED को खुद भर्ना दरमा लैङ्किक समता सूचांक (GPI in ECED NER) | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ | ०.८६ | ०.८७ |
| ३. | कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GIR) | ०.८६ | ०.८६ | ०.८७ | ०.८७ | ०.८७ | ०.८८ |
| ४. | कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NIR) | ०.८७ | ०.८७ | ०.८८ | ०.८८ | ०.८९ | ०.८९ |
| ५. | आधारभूत तह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.०९ | १.०९ | १.०९ | १.०९ | १.०९ | १.०९ |
| ६. | आधारभूत तह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.०८ | १.०८ | १.०८ | १.०८ | १.०८ | १.०८ |
| ७. | माध्यमिक तह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ | ०.८५ |
| ८. | माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | ०.८० | ०.८० | ०.८१ | ०.८२ | ०.८२ | ०.८२ |
| ९. | आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ३८.६ | ३८.६ | ३९ | ३९ | ३९ | ३९ |
| १० | आधारभूत तह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | १४.८ | १४.८ | १५ | १५ | १५ | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | आधारभूत तह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ३१ | ३१ | ३१ | ३१ | ३२ | ३२ |
| १२ | माध्यमिक तह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | ० | ० | ० | २ | ४ | ५ |
| १३ | माध्यमिक तह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | ० | ० | २ | ४ | ६ | ८ |
| १४ | माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | ० | ० | २ | ५ | ७ | १० |
| १५ | आधारभूततह (कक्षा ९-१०) का बिद्यार्थीहरूमध्ये छात्रवृत्ति पाउनेको प्रतिशत | ९६ | ९६ | १०० | १०० | १०० | १०० |

## ४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २. | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३. | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४. | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | | | | | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५. | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | संख्या | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६. | सिकाइ आपुर्ण कार्यक्रम संचालन | संख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | १७० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७. | लैगिक समताका आधारमा प्र.अ. ब्वास्थापन | पटक | | | | | १ | | | नगरपालिका |
| ८. | बालमैत्री बिधालय पारुपको प्रभाबकारी कार्यान्वयन | पटक | | १ | १ | १ | १ | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ९. | आपंगताको प्रारम्भिक लेखजोखा (Disabilities screening) | पटक | | ३ | ३ | ३ | ३ | | | नगर, संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | व्यक्तित्व शैक्षिक योजना निर्माण (IEP) | संख्या | | ७० | ५० | ५० | ४५ | | | नगर, संघसंस्था |

## शैक्षिक समता र समावेशीकरणको प्रमुख कार्यक्रमहरु संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १. | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | ४०० | ४०० | ४५० | ५०० | ५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २. | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | ६०० | ६५० | ७०० | ७२० | ७५० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३. | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | १५० | १५० | १५० | १५० | १५० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४. | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | १२०० | १२०० | १२०० | १२०० | १२०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५. | लैगिक समताका आधारमा प्र.अ. ब्वास्थापन | | | | | १०० | | नगर |
| ६. | बालमैत्री बिधालय पारुपको प्रभाबकारी कार्यान्वयन | | १५० | १५० | १५० | १५० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७. | आपंगताको प्रारम्भिक लेखजोखा (Disabilities screening) | | २०० | २०० | २०० | २०० | | नगर, संघसंस्था |
| ८. | व्यक्तित्व शैक्षिक योजना निर्माण (IEP) | | १७५ | १७५ | १७५ | १७५ | | नगर, संघसंस्था |

## ४.४ दिवा खाजासहित पोषणतथा स्वास्थ्य कार्यक्रम

बालबालिकाको बिकाश तथा उमेरगत सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सकृय सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाहरुको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरु प्राप्ति र यस्ता आधारभुत स्वास्थ्य सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहज प्रभावकारीता मितव्ययीता बनाउन सहयोग पग्दछ ।

विद्यालय खाजा कार्यक्रम नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्य सम्प्रभूतालाई मौलिकहकको रुपमा स्वीकारेको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ एवम बालबालिका सम्बन्धि अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्यसम्प्रभूता सम्बन्धि अधिकार स्थापित गरेको छ । स्वास्थ्य पोषण तथा दिवाखाजा सेवा सम्बन्धित केही रणनीति तथा क्रियाकलाप योजना बालविकास तथा शिक्षा आधाभूत शिक्षा र माध्यमिक शिक्षा खण्डमा पनि समाबेश गरीए पनि उल्लेखित उपक्षेत्रसँग अन्तरसम्बन्धित विषयका रुपमा विद्यार्थीको विकास र सिकाइलाई सहयोग पुग्ने विद्यार्थी सहायता प्रणालीमध्ये एक महत्पूर्ण प्रणाली विद्यालयमा आधारित स्वास्थ्य तथा दिवा खाजा सहित पोषण सम्बन्धि योजनाको समग्र विषय यस खण्डमा प्रस्तुत गरीएको छ । यस खण्डमा विद्यालय दिवा खाजाको वर्तमान अवस्थाको समिक्षा गरी चुनौतीहरु पहिचान गरीएका छन भने चुनौतीहरुको सामना गर्नका लागि आबश्यक रणनीति उदेश्य, नतिजा तथा मुख्य क्रियाकलापहरु समाबेश गरीएको छ ।

### ४.४.१ वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमको वर्तमान अबश्थाको विश्लेषण गर्दा सबैका लागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको ढाँचामा मुख्यगरी चारवटा अङ्गहरु समाबेश गरेको छ।

•विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरु तय गर्नु

सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वाताबरण सिर्जना गर्नु

•सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु

•विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसेवा प्रदान गर्नु

यिनै बुँदाहरुलाइ आधार मानि यस नगरपालिकामा समेत वर्तमान अवस्थालाई विश्लेषण गरी दिवाखाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलग अलग समीक्षा गरी तिनीहरुको अन्तरसम्बन्ध उल्लेख गरी योजना तयार गरीएको

छ। दिवा खाजा तथा स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समिक्ष गर्दा निम्न लिखित चुनौतीहरु

पहिचान गरीइएको छ :

• दिवा खाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताका लागि मितव्ययी प्रभावकारी दिगोपना पर्याप्त सँरचनागत ब्यबस्थापनका लागि नगरपालिका स्वास्थ्य कार्यालय विद्यालयसँग कार्यविधि हुनुपर्ने

• सँघीय कानून तथा नगरपालिकाको कार्यविधि अनुसार विद्यालयमा दक्ष स्वास्थ्य प्राविधिकि ब्यबस्थापन गर्नु

• दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताका लागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चित गर्ने

• विद्यालय खाजाका लागि उपयुक्त स्वरुप तथा स्थानीयता पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्नु
• दिवा खाजाका लागि प्रबिधिक क्षमता विकास गर्नु
• विद्यालय खाजालाइ स्थानीय कृषि तथा ब्यपारलाई जोडनु
• कार्यक्रमलाई प्रभावकारी अनुगमन र समयबद्य मुल्यांकन पद्धती विकास गर्नु
• विद्यालय खाजा कार्यक्रमलाई सबै विद्यार्थीहरुले पाउने गरी कानूनी तथा वजेट ब्यबस्थापन गर्नु
• विद्यालय खाजा विद्यालय स्वास्थ्य,पोषण तथा सफाइ स्वच्छता सम्बन्धि नीतिगत तथा कार्यक्रम समन्वयात्मक कार्यलाई व्यवस्थित बनाउनु
• विद्यालय स्वास्थ्य तथा बाताबरणीय लैङ्गिक स्वच्छता अपांगता तथा समय सापेक्षतामा परिवर्तन तथा थप विकास गरी कार्यान्वयन गर्नु

सरसफाइ तथा स्वच्छताका लागि आबश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नु

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने ।
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

## नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | २१ | २१ | ५ | ५ | | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | ० | २ | ३ | ३ | २ |

## ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | निरन्तर | | | | | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | निरन्तर | | | | | | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | संख्या | | ५ | ५ | १ | | ११ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | संख्या | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | विधालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विधालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | | | संघ,प्रदेश,नगर र संघसंस्था |

## ४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

### ४.५.१ वर्तमान अवस्था

### विद्यमान नीतिगत व्यवस्था

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार प्रदेश र स्थानीय तहमा विपद उत्थानशीलताको संयन्त्रको व्यवस्था

विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था

भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको)

विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको)

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको)

विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१

वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन)

वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने,

विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने)

दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको

**स्थानीय तहको विद्यमान अवस्थाः**

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा, फोन तथाटोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षणसिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ। विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन्। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ।

आपतकालिन शिक्षाका चुनौतीहरूः

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु।
३. संकटको क्षेत्र पहिचान गर्नु।
४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।
५. योजना निर्माणको प्रक्रिया र सहभागिता।

## ४.५.२ उद्देश्य

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

## ४.५.३ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
७. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
८. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
९. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम नयुनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
१०. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| २ | हरित विद्यालय सँख्या | २ | २ | ५ | ४ | ३ | २ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | १ | १ | ३ | २ | ५ | १ |

### ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | | १ | | | | १ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | | १ | | १ | ३ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५ | विपद प्रतिरोधी विद्यालय सँख्या | सँख्या | २० | २० | २० | २० | २० | १०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६ | शिक्षा समुह गठन एवम संचालन | पटक | ० | ० | १ | १ | १ | ३ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७ | बिधालय विपद ब्वास्थापन समिति गठन तथा परिचालन | पटक | | | १ | ० | ० | ३ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ८ | Drill/Simulation कार्यक्रम संचालन | पटक | | | २ | २ | २ | ६ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ९ | बृहत बिधालय सुरक्षा योजना निर्माण तथा कार्यान्वयन | पटक | | | १ | १ | १ | ३ | | नगर र संघसंस्था |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय ४७ मध्ये ३१ सामुदायिक र १६ सस्थागत विद्यालयहरु छन्। अधिकांस विद्यालयमा पर्खाल सहितको घेरबार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन्।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्:

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।

२. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।

३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास ,मर्मत संभार तथा सबलीकरण गर्नु ।

३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

### ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

३. विद्यालय पूर्वाधार विकासका लागि संघप्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत . व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।

२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ६ | ६ | १० | १० | ४ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | २ | २ | ४ | २ | २ | |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | २ | २ | ५ | ३ | १ | १ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | ७ | ७ | ५ | ५ | ३ | ४ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | ३ | ३ | ८ | ५ | ४ | ४ |

## ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | ० | ४ | २ | ३ | १ | १० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २ | विद्यालयहरूको सबलीकरण | सङ्ख्या | ० | ३ | २ | ४ | २ | ११ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्वर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ० | १० | ५ | ७ | ३ | २५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ० | ४ | ३ | ४ | २ | १३ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | ० | ८ | ८ | ५ | ८ | २९ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | ० | २ | ३ | १ | १ | ७ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |

## भौतिक पुर्बाधार बिकाश का प्रमुख लार्यक्रम संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क्रसं | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | ० | २२००० | ११००० | १६५०० | ५५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २ | विद्यालयहरूको सबलीकरण | ० | ३००० | २००० | ४००० | २००० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्वर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | ० | ५०० | २५० | ३५० | १५० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | ० | ४००० | ३००० | ४००० | २००० | | संघ,प्रदेश,नगर र संघसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | ० | ८००० | ८००० | ५००० | ८००० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | ० | ३००० | ४५०० | १५०० | १५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | ० | १० | १० | १० | १० | | संघ,प्रदेश,नगर र संघसंस्था |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीययन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्। हालको कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेकोछ ।शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगलेसबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‌याइ डिजिटल भिन्नता कमगर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधारगर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्‌याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाईकुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाईबढावा दिनुपर्दछ।

### ४.७.१ वर्तमान अवस्था

राष्ट्रिय रूपमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र पहुचको वर्तमान अवस्था विश्लेषण गर्दा आवश्यक नीति कानुन तथा रणनीतिहरूको व्यवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने हुन्छ । नेपालले ब्रोडब्यान्ड नीति २०७१ ल्याएको छ । जसले विद्यालय लगायतमा कनेक्टिभिटी र सुरक्षा लगायतका विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना र संचारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ

भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरूले गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसमा सूचना र सञ्चार प्रविधि शिक्षा, Geospatial/GIS शिक्षा प्रदान गर्ने र शिक्षाक्षेत्रको सूचना र सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७७ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरीएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटि पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ । त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरीएको छ। विद्यालय क्षेत्र विकास योजनामा समावेश गरेका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने रहेका थिए।

सूचना तथा सञ्चार प्रविधीलाई शिक्षामा प्रयोग गर्ने सम्वन्धमा बलरा नगरपालिकाको आठौं नगर सभाबाट पारित आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कायक्रममा सामुदायिक विद्यालयमा शैक्षिक सुधार कार्यक्रममा कोभिड १९ को कारण भएको शैक्षिक क्षति न्यूनीकरण गर्न सूचना तथा सञ्चार प्रविधीको प्रयोग गरी भर्चुअल सिकाई विस्तार गरिँदै लगिने नीति उल्लेख गरीएको छ। यसै गरी उक्त नीति तथा कार्यक्रममा समावेश भएको सूचना तथा सञ्चार सम्बन्धी नीति अनुसार सामाजिक सञ्जाल र अनलाइन मिडयालाई आमजनताको सिर्जनशीलता अभिवृद्धि र विद्यार्थीहरूका लागि सिकाइ माध्यमको रूपमा सदुपयोग गरीने कुरा उल्लेख गरीएको छ ।

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधी सम्वन्धी निम्नलिखित चुनौतिहरू पहिचान गरीएको छ ।

सूचना तथा सञ्चार प्रविधी सम्वन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटि लगायतका प्राविधिक पुर्वाधारको पहुँच सबै विद्यालयमा पुर्याउने,

सूचना तथा सञ्चार प्रविधी सम्वन्धी उपकरणको व्यवस्थापन, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्ने,

सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट क्षमता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु,

अपांगता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री विकास र प्रयोग गर्नु,

अन्तरकृयात्मक सफ्टवेयरमा लाग्ने खर्च व्यवस्थापन गर्नु,

सूचना तथा सञ्चार प्रविधीको लागत प्रभावकारीता वृद्धि गर्ने,

• सवै प्रयोगकर्तालाई सहज हुनेगरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,

• इन्टरनेट सेवा प्रदायक संस्था र नगरपालिका विचमा समन्वय स्थापना गर्नु ।

सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने ।

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु ।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
६. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | ६ | ६ | ७ | १० | ८ | |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | २ | २ | ५ | ८ | ५ | ३ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | २ | ५ | ८ | ५ | ३ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | २ | ५ | ८ | ५ | ३ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३२ |

### ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | Internet connectivity भएका विद्यालयको संख्या | संख्या | ७ | ७ | ८ | ३ | ० | २५ | | संघ,प्रदेश ,नगर र संघसंस्था |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | संख्या | ७ | ७ | १० | ३ | ५ | २९ | | संघ,प्रदेश ,नगर र संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय संख्या | संख्या | ७ | ७ | १० | ३ | ५ | २९ | | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | संख्या | ७ | ७ | १० | ३ | ५ | २९ | | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ५ | सामुदायिक बिद्यालयमध्ये School Accounting System (SAS) प्रयोग गरी आर्थिक बिबरण व्यवस्थापनगर्ने बिद्यालय संख्या | पटक | ५ | १० | ८ | ३ | ३ | २९ | | संघ,प्रदेश ,नगर र संघसंस्था |
| ६ | IEMIS सम्बन्धि तालिम | पटक | | १ | १ | १ | १ | ४ | | संघ र नगर |

## बिधालयमा सूचना तथा संचार प्रविधिका प्रमुख क्रियाकलापहरु संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क्रसं | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | Internet connectivity भएका विद्यालयको संख्या | १०० | १०० | १२० | ३६ | ० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | १४०० | १४०० | २००० | ६०० | १५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय संख्या | १४०० | १४०० | २००० | ६०० | १५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगगर्ने विद्यालय संख्या | १४०० | १४०० | २००० | ६०० | १५०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५ | सामुदायिक बिद्यालयमध्ये School Accounting System (SAS) प्रयोग गरी आर्थिक बिबरण व्यवस्थापनगर्ने बिद्यालय संख्या | ५०० | १००० | ८०० | ३०० | ३०० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६ | IEMIS सम्बन्धि तालिम | ० | २५० | २५० | २५० | २५० | | संघ, नगर |

# परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ। शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसैगरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेरसंस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित

जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

### ५.१.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

### ५.१.२ उद्देश्य

१. स्थानी तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

### ५.१.३ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
६. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

#### प्रमुख नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बिद्यालय व्यवस्थापन तालिम प्राप्त भएका बि.व्य.स, शि.अ.सं. र प्र.अ. (SMC, PTA and HT) भएका बिद्यालय संख्या | २५ | २५ | ६ | | | |
| २ | बिद्यालय सुधार योजना (SIP) निर्माण र स्वीकृत गरी कार्यान्वयन गर्ने बिद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | बिद्यार्थी मैत्री फ्रेमवोर्क (CFS) निर्माण र स्वीकृत गरी कार्यान्वयन गर्ने बिद्यालय प्रतिशत | २ | २ | ५ | ३ | ७ | ५ |
| ४ | सामुदायिक बिद्यालयमध्ये School Report Cards प्रयोग गरी सामाजिक परीक्षण सम्पन्न गर्ने बिद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | स्थानीय तहले आफ्नो कूल बजेटमध्ये शिक्षा क्षेत्रमा लगानी गरेको प्रतिशत | | | | | | |
| ६ | स्थानीय तहले आफ्नो आन्तरिक कूल बजेटमध्ये शिक्षा क्षेत्रमा लगानी गरेको प्रतिशत | | | | | | |

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | ० | १ | ० | १ | ३ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | २ | २ | २ | २ | २ | १० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | बार्षिक | २ | २ | २ | २ | २ | १० | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | | संघ,प्रदेश,नगर र संघसंस्था |

# ५२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी

प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ।

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

स्थानीय तह :

१. बलरा नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. बलरा नगरपालिकाले पालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।

३. बलरा नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार बलरा नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।

५. बलरा नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।

६. बलरा नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन्:

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु

२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।

३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।

४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न।

### ५.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३ रणनीति

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
१०. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक ल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | क्ष्य (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | | १ | | | | १ | २ | संघ,प्रदेश,नगर र संघसंस्था |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | | १ | | १ | ३ | ६ | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | २ | २ | २ | २ | २ | १० | २० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४ | कार्य सम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | वाषिक | २ | २ | २ | २ | २ | १० | २० | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० | संघ,प्रदेश,नगर र संघसंस्था |

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धको प्रमुख कार्यक्रमहरु संचालन गर्न अनुमानित बजेट (रु.हजारमा)

| क्रसं | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | ० | २३० | ० | ० | ० | २३० | संघ,प्रदेश, नगर र संघसंस्था |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | ५४५ | ५४५ | ५७५ | ५७५ | ६२५ | २८६५ | संघ,प्रदेश, नगर र संघसंस्था |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | ३३५ | ३३५ | ३३५ | ३३५ | ३३५ | १६७५ | संघ,प्रदेश, नगर र संघसंस्था |
| ४ | कार्य सम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | २० | २० | २० | २० | २० | १०० | संघ,प्रदेश, नगर र संघसंस्था |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | ६६ | ६६ | ६६ | ६६ | ६६ | ३३० | संघ,प्रदेश, नगर र संघसंस्था |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ। यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ। पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.१ वर्तमान अवस्था

बालारा नगरपालिकाको आ.व. २०८१/८२को कूल बजेट मध्ये रु. ... शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

## ६.२ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

## ६.३ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
३. वार्षिक रूपमा कुल बजेटको ........ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
४. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
७. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ६.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

### क। सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्ष को जम्मा | १० वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | बालबिकाश सहयोगी कार्यकर्ता पारिश्रमिक | | १०३६४ | | | | | |
| २ | निशुल्क पाठयपुस्तक अनुदान | | ९१२५ | | | | | |
| ३ | दिवा खाजा अनुदान | | ९०१५.०१ | | | | | |
| ४ | बिधालय संचालन तथा ब्वास्थापन अनुदान | | २२३० | | | | | |
| ५ | अनौपचारिक शिक्षा कार्यक्रम | | १९५० | | | | | |
| ६ | बिधालयम शैक्षिक गुणस्तर सुदिधिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहित अनुदान | | ५७०० | | | | | |
| ७ | सामुदायिक बिधालयमा छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड ब्यबस्थापन | | २४९९ | | | | | |
| ८ | शिक्षिक सुशासनका लागि सस्थागत क्षमता बिकाश बिधार्थी परिक्षण मुल्यांकन शिक्षक मेंन्रिंग तथा बिधालय सुपरिबेक्षण | | १७२५ | | | | | |
| ९ | बिपन लक्षित छात्रवृतिक लागि छनोट भएका कक्षा( ६-१२ ) मा अध्यनरत बिधार्थिका लागि छत्रब | | २४०० | | | | | |
| १० | मा.तह कक्षा(९-१०) मा अंग्रेजी गणित र बिज्ञान | | ३४६८ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बिषयमा शिक्षण सहयोग अनुदान | | | | | | | |
| ११ | आ.तह (६-८) अंग्रेजी गणित र बिज्ञान बिषयमा शिक्षण सहयोग अनुदान | | ४६१ | | | | | |
| १२ | प्रति बिधार्थी लागतक आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थानका लागि बिधाल्यालाई अनुदान | | २६३४ | | | | | |
| १३ | सार्वजनिक बिधालयमा अध्ययान बिधार्थीहरुका लागि छात्रवृत्ति | | २२०८ | | | | | |
| १४ | केन्द्रबाट छनोट भएका नामुमा बिधालय, बिशेष बिधालयकों स्वकृत गुरु योजना अनुरुप भौतिक पुर्बाधार बिकाश तथा प्राबिधिक धारका बिधाल्यालाई ल्याब ब्यबस्थापन अनुदान | | ७००० | | | | | |
| १५ | निर्मित गुरु योजनाका आधारमा स्थानीय तहको साझेदारीमा बिधालयको भौतिक निर्माण अनुदान | | ११९०० | | | | | |
| १६ | आ.वि. तहका स्वकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भट्ट अनुदन शिक्षक/कर्मचारी समेत | | ८२५०० | | | | | |
| १७ | मा.वि. तहका स्वकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भट्ट अनुदन शिक्षक/कर्मचारी समेत | | १५३०० | | | | | |
| १८ | | | | | | | | |

## ख। प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्ष को जम्मा | १० वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | बिधालय डिजिटल्लैजेसन | | २५००० | | | | | |
| २ | नमुना बिधालयको फिल्ड स्तारुन्नती कार्य | | २५००० | | | | | |
| ३ | बिधालय भवन निर्माण बलर न.प १० सुदाम | | ५०००० | | | | | |
| ४ | बिधालय भवन निर्माण बलर न.प ६ | | २५००० | | | | | |
| ५ | बिधालय भवन निर्माण बलर न.प ९ | | ५०००० | | | | | |
| ६ | बिधालय भवन स्तारुन्नती कार्य बलरा न.पा ३ | | २५००० | | | | | |
| ७ | बिधालय भवनको तला थप कार्य न.पा.२ | | २५००० | | | | | |
| ८ | बिधालय स्तारुन्नती कार्य ने.रा रा शी मा.वि. | | २५००० | | | | | |

## ग। स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | गत आ.वको गुणस्तरीय शिक्षाका लागि जनप्रतिनिधि,शिक्षक,बिधार्थी,अभिभावक सँग अन्तरक्रिया | | ३८०.१३२ | | | | | |
| २ | गत आ.वको प्रा.वि. बिधार्थीहरुलाई पोशाक खरिद तथा बितरण | | ६९३.९६६ | | | | | |
| ३ | गत आ.व कों प्रा.वि. बिधार्थीहरुलाई ब्याग खरिद तथा बितरण | | ६७१.२२० | | | | | |
| ४ | गत आ.वको महिला शशक्ति कार्यक्रम | | २६८ | | | | | |
| ५ | गत आ.वको बिधर्थिहरुकों अभिभावक शिक्षा कार्यक्रम | | १०० | | | | | |
| ६ | गत आ.वको सार्वजनिक सुनवाई | | १५० | | | | | |
| ७ | बलर न.पा. २ सुदामा | | | | | | | |

## घ। अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | शैक्षिक सामाग्री वितरण | | | | | | | |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

# परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन, वितरण, लगानीकोप्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्यतालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।
शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित रउद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कनकार्यक्रमसञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

## ७.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक बलरा नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमाअनुगमन तथा मूल्याङ्कनगरीने गरिएको छ। वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

## ७.२ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

## ७.३ रणनीति

२. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
३. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
४. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
५. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

७. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्याकंन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ,प्रदेश,नगर र संघसंस्था |

## ७.६ योजनाको लेखाजोखा

# योजनाको लेखाजोखा

### क) परिचय

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत बिद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दाईत्व रहेता पनि व्यवहारिक रुपमा बिद्यालय शिक्षाको सन्चालनको समग्र जिम्मेवारी भने स्थनीय सरकारको रहेको छ । मुलुकमा संचालित सामुदायिक बिद्यालयहरूको व्यवस्थापन र संचलनार्थ प्रायः सबै

प्रकारका स्रोतहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र आधारहरु अनुसार स्थनीय सरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी बिद्यालय शिक्षाको सन्चालन गर्नेगर्दछ । यसका लागि मुलकको संबिधान र सोका आधारमा तय भएका तीनै तहका सरकारका सम्बन्धित नीति, ऐन, कानून र नियमावली तथा निर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आ-आफ्नो तहको शिक्षा क्षेत्रको योजना निर्माण गरी नेपालको संबिधानका प्रावधानहरू र अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पुरा गर्नेगरी कार्यान्वियन गर्ने गराउने रहेको छ । यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलो प्राथमिकतामा रहेको छ। शिक्षा क्षेत्रको योजनाले एकातर्फ राष्ट्रिय, प्रदेश र स्थानीयतहको शिक्षा सुधारकालागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वियन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ। शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनाले अबलम्बन गरेका कार्यक्रम, रणनिति र कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोग गरिन्छ।

### ख) योजनाको लेखाजोखा किन र केहो?

-पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्ताब गरिएका कार्यक्रमहरूको विभिन्न पक्ष र सम्भाव्यताहरूको समीक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ।
-योजनाको लेखाजोखा शिक्षा क्षेत्रका योजनाका कार्यक्रममा केन्द्रित मात्रात्मक र गुणात्मक संयोजन हो।
-शिक्षा क्षेत्रको योजनाको लेखाजोखा एक प्रक्रिया हो, जसको माध्यमबाट पालिका तहको शिक्षा क्षेत्रको योजना के? किन? कसरी? कस्कालागी?, आदि जस्ता प्रश्नहरुको उत्तर खोजिन्छ । जसमाः

- शिक्षा क्षेत्रको योजना प्राविधिक रूपमा उपयुक्त छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रको योजना आर्थिक रूपमा व्यवहारिक र न्यायोचित छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रको योजनाको कार्यन्वयन प्रशासनिक रूपमा सम्भव छ छैन भनी मूल्यांकन गरिन्छ ।

### ग) योजनाको लेखाजोखाका उद्देश्यहरू

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित कार्यक्रमका सबै पक्ष र ,सन्दर्भ ,अङ्गहरूको विस्तृत समीक्षा गर्न।
- शिक्षा क्षेत्रका अंगहरूमा (**Sub-Sectors**)सङ्घीय राष्ट्रिय/र प्रदेशतहका योजना र पालिकाको योजनाहरू बीचको अन्तरसम्बन्धहरू मूल्याङ्कन गर्न।
- प्राविधिक, व्यवस्थापकीय र वित्तीय सम्भाव्यताको दृष्टिकोणबाट प्रत्येक कार्यक्रमको मूल्याङ्कन गर्न।
- पालिका तहको शिक्षा क्षेत्रको योजनाको सबल र कमजोर तथा सुधार्नु पर्ने पक्षहरूको समग्र मूल्याङ्कन गर्न ।
- योजना कार्यान्वयनमा पालिका तहको तयारीको मूल्याङ्कन गर्न, र
- प्राविधिक सहयोग प्रदान गर्न र योजना अनुमोदन गर्न निर्णयकर्ताहरूलाई सहजीकरण गर्न।

### घ) योजनाको लेखाजोखाका महत्त्वपूर्ण पक्षहरू

योजनाको लेखाजोखामा समेटिनु पर्ने महत्त्वपूर्ण पक्षहरू निम्न छन् र लेखाजोखा समितिले यी प्रत्येक पक्षको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्दछः

- योजना निर्माण प्रक्रिया
- योजना निर्माण प्रक्रियामा सरोकारवालाहरु अर्थपूर्ण सहभागी र अभ्यासहरू
- योजना निर्माण प्रक्रियामा आधारभूत तथ्याङ्क र जानकारीहरूको वास्तविकता,गुणस्तर , सान्दर्भिकता, स्रोत, र उपयोग बिधि
- योजना निर्माण विधि
- योजना कार्यान्वयनको समीक्षा
- लागत अनुमान र प्रस्तावित वित्त व्यवस्थापन
- योजना कार्यान्वयनका लागि संगठनात्मक र व्यवस्थापन
- प्रस्तावित योजना कार्यान्वयनबाट अपेक्षित शैक्षिक, आर्थिक र सामाजिक लाभहरूको वैधता

त्यसैले, पालिका तहको योजना निर्माण गरिसकेपछि विश्वसनीय, दिगो र लगानी योग्य छ या छैन भन्नकालागी योजनाको बिभिद पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित पालिकाले आन्तरिक र बाहिरका बिभिन्न बिषय  क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ ।

यस निर्देशिकाको उद्देश्य सम्बन्धित पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्नु हो, जसमा योजनाको सबलता, प्रासंगिकता, सुसंगतता र विश्वसनीयता, आदि पक्षहरु हेरिन्छन्। योजनाको लेखाजोखा प्रक्रिया पालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनुपर्छ । यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श (योजना निर्मार्ण समिति, प्राबिधिक समितिहरूसँग बैठक....), प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा, गाउँ, समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा, भरपर्दो जानकारीहरुको विश्लेषण (जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ) समावेश हुनुपर्दछ। लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त पृष्टपोषण तथा निष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ । यस अतिरिक्त योजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ।

**ङ) योजनाको लेखाजोखाको बिधिः**

योजना लेखाजोखा प्रक्रियाको बिधिमा निम्न चरणहरू/क्रियाकलापहरू समावेश हुनुपर्दछः

- प्रारम्भिक छलफल(Birifing)
- मूल्याङ्कन टोलीको बैठक
- अध्ययनको लागि कागजातहरूको उपलब्धता
- फिल्ड भ्रमण गर्नु अघि कागजातहरूको अध्ययन
- बिभिन्न क्षेत्रहरुको भ्रमण
- सरोकारवाला  समुदाय सदस्यहरु संग /अन्तरक्रिया
- बिभिन्न सङ्घ-संस्थाहरु संग अन्तरक्रिया
- मूल्याङ्कन मस्यौदा प्रतिवेदन तयार गर्ने
- निर्णयकर्ताहरूसँग मस्यौदा प्रतिवेदन प्रस्तुत गर्ने

- प्रतिवेदनलाई परिमार्जन र अन्तिम रूप दिने
- अन्तिम समापन बैठक

**च) योजना लेखाजोखाका विषयगत क्षेत्रहरू**

पालिका तहको शिक्षा क्षेत्रको योजनाको मूल्याङ्कन गर्दा लेखाजोखा/मूल्याङ्कनकर्ताहरूले योजनामा निम्न उदाहरण अनुसारका विषयगत क्षेत्रहरू हेर्नुपर्छः

- पालिकातहको शिक्षा प्रोफाइल
- योजना प्रक्रिया र पद्धति
- योजनाको लागि तथ्यांकको बिबरण र व्यवस्थापन साथै उपयोग
- ECED विकास र विस्तार गर्दै
- पहुँच र निरन्तरता
- बालबालिकाको सिकाइ आवश्यकताहरू
- शिक्षा प्रणालीको आन्तरिक दक्षता
- EMIS र अनुगमन
- कार्यान्वयनको लागि योजना
- वयस्क निरक्षरता घटाउने
- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने
- क्षमता निर्माण
- लागत र बजेट आवश्यकता

**छ) योजना लेखाजोखाको प्रतिबेदनमा समाबेश हुनुपर्ने केही महत्वपूर्ण शैक्षिक मुद्दाहरूको उदाहरणः**

- के राष्ट्रिय प्रदेश ,र स्थानीय दुरदृष्टि उद्देश्य ,लक्ष्य र कार्ययोजना अनुरूप योजना बनाइएको छ?
- के योजनाले ECD देखि बिद्यालय शिक्षा ,वयस्कका लागि साक्षरता र निरन्तर शिक्षा जस्ता आधारभूत शिक्षाका सबै पक्षहरू साथै प्राबिधिक र उच्च शिक्षासँगको तालमेल,आ आदिलाई समेटेको छ?
- के यो योजनालाई स्थानीय विशिष्ट आवश्यकताहरू, विशेष गरी जनसंख्या,जातजाती , आर्थिक, भाषिक, पिछडिएको बर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ?
- के योजनाले योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताको लागि अवसर र अवसर प्रदान गरेको/गर्दछ?
- के योजनाले ठोस रणनीति र कार्यहरूप्रस्ताब गरेको छ ?
- शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरूलाई सम्बोधन गरेको छ? (तत्परता र सान्दर्भिकता(
- समानता, दक्षता, र सिकाइका मुद्दाहरूलाई राम्रोसँग सम्बोधन गरिएको छसबै) ? क्षेत्रको कार्यसम्पादन बढाउने,लैंगिक , समता, दक्षता, सिकाइको मुख्य मुद्दाहरू(
- योजनाका सबै परिक्छेदहरू बीचमा सम्बन्ध र एकरूपता छ?) योजनाको संगठन(
- पालिकाको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित वित्त व्यवस्थापन/उपलब्धता ,प्राप्तिको सम्भावना, AWPB र ASIP बीच कुनै सम्बन्ध छ?
- पालिकामा सञ्चालन भइरहेका शिक्षासँग सम्बन्धित अन्य सबै कार्यक्रमहरूलाई योजनाले कसरी समेटेको छ? I आदि ,

# अनुसूची १ : स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा

विषय प्रवेश
पालिका शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य
शिक्षा योजना निर्माण प्रक्रिया

परिच्छेद १ : परिचय
१.१ पृष्ठभूमि
१.२ मुख्य समस्याहरुः
१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः
१.४ अवसरहरुः

परिच्छेद २ : लक्ष्य निर्धारण
२.१ दूरदृष्टि
२.२ लक्ष्य
२.३ उदेश्य
२.४ रणनीतिहरु
२.५ कार्यनीति
२.६ अपेक्षित उपलब्धि
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु
३.१ प्रारम्भिक बालविकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

आज मिति २०८२ साल वैशाख २४ गते बिहिबारका दिन यस बलरा नगरपालिका नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री कोशिला देवी ज्यूको अध्यक्षतामा नगरपालिका भवनमा बसी तपसिलमा उल्लेखित प्रस्तावहरु माथि छलफल गरि तपसिल अनुसारको निर्णय गरियो ।

उपस्थिति :

| क्र.स. | नाम,थर | पद | उपस्थिति हस्ताक्षर |
|---|---|---|---|
| १ | रामाशंकर प्रसाद कुशवाहा | नगर प्रमुख | [redacted] |
| २ | कोशिला देवी | कार्यवाहक नगर प्रमुख | |
| ३ | नन्दलाल राउत | १ नं.वडा अध्यक्ष | |
| ४ | राम नारायण सहनी | २ नं.वडा अध्यक्ष | |
| ५ | आनन्द मोहन मिश्र | ३ नं.वडा अध्यक्ष | |
| ६ | मनिभुषण सिंह | ४ नं.वडा अध्यक्ष | |
| ७ | मनोज मोहन कुमार सिंह | ५ नं.वडा अध्यक्ष | [redacted] |
| ८ | अनिता देवी सहनी | ६ नं.वडा अध्यक्ष | |
| ९ | प्रविण कुमार सिंह | ७ नं.वडा अध्यक्ष | |
| १० | छेतनु साह | ८ नं.वडा अध्यक्ष | |
| ११ | विरेन्द्र प्रसाद चौधरी | ९ नं.वडा अध्यक्ष | |
| १२ | दिनेश प्रसाद कुशवाहा | १० नं.वडा अध्यक्ष | |
| १३ | सुखलाल सहनी | ११ नं.वडा अध्यक्ष | |
| १४ | जैकली देवी | कार्यपालिका सदस्य | |
| १५ | सुशिला देवी | कार्यपालिका सदस्य | |
| १६ | भगिया देवी | कार्यपालिका सदस्य | |
| १७ | बालकेशी देवी पासवान | कार्यपालिका सदस्य | |
| १८ | परमिला देवी | कार्यपालिका सदस्य | |
| १९ | आजाद कुमार सिंह | कार्यपालिका सदस्य | |
| २० | विरेन्द्र साह | कार्यपालिका सदस्य | |
| २१ | [illegible] मिश्र | प्र.प्र.अ. (सदस्य सचिव) | |

**६. सडक बोर्डको रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय : प्रस्तुत विषय माथि छलफल गर्दा आ.व. २०८१।०८२ को लागि सडक बोर्ड ७० प्रतिशत तथा नगरपालिकाबाट ३० प्रतिशतको संयुक्त साझेदारीमा योजना संचालन भएको तर सडक बोर्डबाट उक्त योजनाको लागि प्राप्त हुनुपर्ने ७० प्रतिशत रकम प्राप्त नभएको र आ व २०८२।०८३ को नगरसभाबाट समेत भुक्तानीको लागि रकम विनियोजन भएको हुनाले नगरसभाबाट विनियोजन बजेटबाट नै सडक बोर्ड तथा न०पा को रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**७. "बाल उद्यान निर्माण तथा व्यवस्थापन, बलरा न.पा. ०६" संचालन सम्बन्धमा ।**

निर्णय : प्रस्तुत विषय माथि छलफल गर्दा संघीय सरकारको शशर्त अनुदान अन्तर्गत "बाल उद्यान निर्माण तथा व्यवस्थापन, बलरा न.पा. ०६" शिर्षकमा बिनियोजित बजेट रकम रु.१०,००,०००।०० (अक्षरेपी दश लाख) बाट बलरा न.पा.०६ स्थित श्री प्राथमिक विद्यालय मिर्जापुर, माठटोलको प्राङ्गणमा रहेको ऐलानी जग्गामा बाल बालिकाहरुको लागि उपभोक्ता समिति मार्फत बाल उद्यान निर्माण गर्ने र सोको भुक्तानी लागत इष्टिमेट एवं कार्यसम्पादन पश्चात प्राविधिक मूल्यांकनको आधारमा उपभोक्ता समितिको खातामा भुक्तानी गर्ने निर्णय गरियो ।

**८. योजना मांग सम्बन्धमा ।**

निर्णय : प्रस्तुत विषय माथि छलफल गर्दा बलरा नगरपालिका वडा नं.०२ हथिऔलमा आ.व.२०८२।०८३ मा वडा भित्र स्ट्रीट सोलार लाईट जडान कार्यका लागि श्री अर्थ मन्त्रालय, मधेश प्रदेश जनकपुरधाम धनुषा सँग योजना मांग गर्ने निर्णय गरियो ।

**९. तलब भत्ता सम्बन्धमा ।**

निर्णय : प्रस्तुत विषय माथि छलफल गर्दा बलरा नगरपालिका वडा नं.०५ अन्तर्गत संचालित श्री सरस्वती अमरेश बबुनन्दन सिंह माध्यमिक विद्यालय अनौहा मा कार्यरत लेखापाल अनामिका सिंह मिति २०८०।१०।२६ गते नियुक्ती भई त्यस विद्यालयमा कार्यरत रहेकी नियुक्ती मिति देखि हालसम्म तलब भत्ता निकासाको लागि उच्च अदालत जनकपुरको आदेश निर्णय नं ३५८, रिट नं 081-WO-1226 र रजिष्ट्रेशन नं०६-०८१-०२७५९ को परमादेश अनुसार सुरु मिति देखि हालसम्मको निज शिक्षिकालाई तलब भत्ता दिने निर्णय गरियो ।

**१०. विद्यालय शिक्षा क्षेत्र योजना सम्बन्धमा ।**

निर्णय : प्रस्तुत विषय माथि छलफल गर्दा वि.स.२०८१ सालमा तैयार भएको **विद्यालय शिक्षा क्षेत्र योजना** लाई पुनः वि.स.२०८३ मा अध्यावधिक गरि सर्वसहमतीबाट पारित गर्ने निणय गरियो ।

CamScanner

CamScanner

आज मिति २०८१ चैत्र ०७ गते बिहीबार का दिन यस बलरा नगरपालिका नगर कार्यपालिकाको बैठकको नगर प्रमुख श्री रामाशंकर प्रसाद कुशवाहा ज्यूको अध्यक्षता तथा कार्यपालिका का उप प्रमुख, वार्ड अध्यक्ष एवं कार्यपालिका सदस्यज्यूहरुको समुपस्थितिमा उपस्थित भई तपसिल अनुसारका प्रस्तावहरु माथि छलफल गरि तपसिल अनुसारका निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | उपस्थित हस्ताक्षर |
|---|---|---|---|
| १ | रामा शंकर प्रसाद कुशवाहा | नगर प्रमुख | |
| २ | कोशिला देवी | उप प्रमुख | |
| ३ | नन्दलाल राउत | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | रामनारायण सहनी | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | आनन्द मोहन मिश्र | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | मनि भुषण सिंह | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | मनोज मोहन कुमार सिंह | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | अनिता देवी सहनी | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | प्रविण कुमार सिंह | वडा अध्यक्ष वडा नं.७ | |
| १० | छेतनु साह | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | विरेन्द्र प्र.चौधरी | वडा अध्यक्ष वडा नं.९ | |
| १२ | दिनेश प्र.कुशवाहा | वडा अध्यक्ष वडा नं.१० | |
| १३ | सुखलाल सहनी | वडा अध्यक्ष वडा नं.११ | |
| १४ | जैकली देवी | कार्यपालिका सदस्य | |
| १५ | सुशिला देवी | कार्यपालिका सदस्य | |
| १६ | भागिया देवी | कार्यपालिका सदस्य | |
| १७ | बालकेशी देवी पासवान | कार्यपालिका सदस्य | |
| १८ | परमिला देवी | कार्यपालिका सदस्य | |
| १९ | आजाद कुमार सिंह | कार्यपालिका सदस्य | |
| २० | विरेन्द्र साह | कार्यपालिका सदस्य | |
| २१ | सुशिल कुमार साह | प्र.प्र.अ.(सदस्य सचिव) | |

**प्रस्ताव नं.३ : विद्यालय शिक्षा क्षेत्र योजना अनुमोदन सम्बन्धमा।**

निर्णय : प्रस्ताव नं.३ माथि छलफल गर्दा यस बलरा नगरपालिकाकाको विद्यालय शिक्षा क्षेत्र योजना अनुमोदन गर्ने निर्णय सर्वसहमतीबाट पारित गरियो ।

**प्रस्ताव नं.४ : शिक्षण सिकाई अनुदानमा कार्यरत शिक्षक सम्बन्धमा।**

निर्णय : प्रस्ताव नं.४ माथि छलफल गर्दा यस बलरा नगरपालिकाकामा कार्यरत शिक्षण सिकाई अनुदान शिक्षकहरुको सर्शत अनुदान तलव नआएकोले नगरपालिकाको अनुदानबाट तलव खानेगरी आधारभुत तहको कक्षा ६ देखि ८ सम्मका शिक्षकहरुलाई चैत्र मसान्त देखि मासिक रु.२२,000।00 र माध्यमिक कक्षा ९ देखि १0 सम्मका शिक्षकहरुलाई चैत्र मसान्त देखि मासिक रु.२५,000।00 का दरमा कार्यरत इच्छुक शिक्षकहरुले नियमित ७ दिन भित्र नगरपालिकामा सम्झौता गर्ने/गरी आजैको बैठकबाट निर्णय गरिन्छ । पछि सर्शत अनुदान रकम आएमा साविकको तलव उपलब्ध गराईनेछ ।